2. Brachypterous or short-winged forms:- These are supplementary reproductive individuals consisting of both kings and queens. Body is less pigmented than that of Macropterous forms. Two pairs of wings are vestigial, short and stump-like. Compound eyes are widely separated and are large.
3. Apterous or wingless forms:- These are called ergatoid kings and queens and in structure, they are similar to workers. The body is not pigmented. Wings are completely absent. Compound eyes are vestigial. Ocelli are completely lacking. All these sexual castes are main responsible for the population growth of the colony.

b. Sterile castes:- These forms are without wings and reproductive organs are rudimentary. On the basis of division of labour, these are further classified as:-

1. Workers:- These are small, white insects, which cause great damage. Head is vertical with small broad jaws. Eyes are completely absent, however they travel in subterranean passage to large areas. They work only during the daytime. Their work is to store food for the colony, look after the nymphs, and build houses for the colony. These constitute 88 to 90% of the total population of the colony.
2. Soldiers:- They are bigger in size than the workers. Head is long and large. They consti-

tute 2 to 8% of the total population of the colony. Their main work is to defend the colony from enemy.

3. Nasutes:- There is a second form of soldiers which have vestigial mandibules but their head is prolonged into a long conical snout. These are also soldiers and defend the colony from enemy by secreting a special type of fluid from their body.

The chief food of termite is organic materials present in the wood, paper etc. Hence, they are very dangerous to our monuments where plenty of wooden structures are being used. Salwood (Shorrea robusta) have been found to be more resistant towards termite attack due to their compact structure of cellulose cells. Other wooden structures made of Sisam or Pines trees are more vulnerable towards termite attack due to their loose bonding of cellulose cells. Another important factor that can play important role in preventing termite attack is the quality of the timber being used during renovation of the monuments. Well-seasoned timber has been found more resistant towards termite attack.

During renovation of Shristi Kanta Lokeshwor, all the structures up to the plinth level were dismantled and hence it was decided to spray a 1% solution of Chlorpyriphos 20 EC in water all over the plinth level and there after on each layers of brick works up to five feet. Simultaneously a trench 3 feet deep and 1 feet width and 3 feet away from the plinth level was dug all around the plinth level and a 1% solution of Chlorpyriphos 20 EC in water was poured at the rate of 2.5 liter per square meter and then the whole trench was filled with soil. Similarly for the eradication of termites from the courtyard, a hole 3 feet deep was made at a distance of 1 meter throughout the courtyard and 2.5 liters of the insecticide solution were poured in each hole. Finally, all the holes were sealed. Similarly, all the wooden structures whether new or old were dipped in a 1-percentage solution of Chlorpyriphos 20 EC in linseed oil and terpentine oil. The pati present in the northern side of the temple complex was also sprayed with insecticide solution diluted in water. Not all these measures were going to provide a permanent solution for the control of termites in these areas because of the density of the termites present in these areas. Hence, it was decided to search for termite colony itself.

During our search, initially, the possible areas where termite colony might exist were located based on the habit and habitat of termite. As it is, clear that termite colony may exist in damp and humid places and the colony can not be more than 3 fee deep inside the soil layers. In addition, the surface soil where the termite colony may exist is loose. The proper seasons for the search of termite colony is the last of June or the beginning of July. So it was also decided that the search program would be conducted in the above mentioned period. The five spotted areas were as follows:-

The first spot was outside the temple complex just near the Northeast corner along with water supply tank. The second spot was in the extreme east room of the Northern Pati. Attached to this second spot on the western side where the family of the Pujari lives and uses the room as kitchen and kitchen sink was spotted as the third spot. Similarly, Northwest corner of the temple complex was spotted as the fourth spot. Southwest corner of the temple complex was spotted as the fifth and final spot where the termite colony might exist.

Now the search for the termite colony was started from spot number one. We dug the ground unto three feet deep, but we could not find the termite colony. Of Course, a large number of termite workers were found but not the colony itself. Similarly, in spot number two also we could not find termite colony. On the fourth day of our search, as soon as we

Wooden Portion attacked by Termite
Photo by M.K. Sharma



Termite

started digging in the spot number three we found the termite colony. As soon as we found the colony, we caught termite queen and king and killed them by the use of insecticide solution. Ultimately, the complete colony was destroyed by the use of insecticide solution, but our search was continued in spot number four where although a large number of young termites were found but not in the form of colony. Similarly, in the spot number five also no termite colony was found. Therefore, it was a great achievement for our team to achieve a permanent solution for termite control in the temple complex.

Since it took almost three years to complete the renovation works of Shristi Kanta Lokeshwor temple, all the brick works obtained moisture during rainy seasons of the years and developed lower plants like algae. The brick portions were cleaned off using Jute brushes. It was a complete dry cleaning since no solvents were used. After cleaning of the brick works, a preservative coating using a 4% solution of ethyl potassium Siliconate in water was applied. Ethyl Potassium siliconate although soluble in water remains no longer solution in water when exposed to environmental condition for twenty-four hours, since it is oxidized to polymeric forms. The non-gilded copper sheets were cleaned by using 1% solution of sulphuric acid while the gold-gilded portions were cleaned off using a 5% solution of citric acid. No preventive coating was applied in the copper sheets due to budgetary problems. A 2% solution of poly venyl acetate in toluene was applied in the gold-gilded portions.

Dipping the objects in an insecticide solution or spraying the insecticide solution in the affected areas can check insect infestation or can prevent further infestation but at the same time it may not be a sufficient solution for complete eradication of insects. Dipping or spraying of insecticide solution is preventive measures but not a permanent solution of insect control in the buildings and monuments. Highly infested monuments, palaces and buildings can only be prevented from insect attack by destroying their colony. Although the search for insect colony requires great patience and labor it should always be attempted where permanent solution is required. A permanent solution of insect attack in highly infested areas like Gorkha Durbar and Nuwakot Durbar can only be achieved by destroying the insect colony itself since dipping and spraying of insecticide solution in these places have only proved to be a preventive measures but unable to destroy the whole colony of insect and still a large number insects are visible in Gorkha lower palace.

Reference:-

1. **Concepts of insect control-M.R. Ghosh-de-**partment of agriculture. Entomology. Bidhan Bhawan. Chandra Krishi Vishwvidyalya, Kalyani-West Bengal, India. Willey Eastern limited, New Delhi.
2. Biodeterioration of cultural property-Editors O.P. Agrawal, Shashi Dhawan. Proceedings of the international conference. February 20-25, 1989, Lucknow, India.
3. Insect pests and their control-J.W. Evans, M.A.D.Sc., E.R.E.S., Chief biologist-Soni re-prints agency-1985, 3843, Gali no. - 12, Shanti Mohalla, Gandhi Nagar, Delhi-110031 (India)
4. Appropriate technologies in the conservation of cultural property- The UNESCO Press.
5. Conservation and museum technique- Dr. A.P. Singh, Agam Kala Prakashan, Delhi, 1987.
6. A treatise on building construction-R.S. Deshpande, 1956
7. Conservation of cultural property in India- Dr. O.P. Agrawal, Delhi, 1973-74.
8. Conservation and Preservation, Ancient India, volume 17, 18, New Delhi, 1961, 62, B.B. Lal.
9. Insect factors in wood decay-Norman E. Hickinns.

बासुकी कुण्डका नागनागिनी

-जीतबहादुर मानन्धर

मेष संक्रान्तिको दिन फर्पिङ्गको बासुकी कुण्डमा नागनागिनी राख्ने चर्चा धेरै पहिलेदेखि सुन्दै आएको थिएँ । यो कार्य वर्ष बिराएर सम्पन्न पारिने भन्ने पनि नसुनेको होइन । तर श्री कन्हैयालाल चखूँको गोरखापत्र शनिवारीय परिशिष्टमा प्रकाशित 'उपत्यकाका ऐतिहासिक पोखरीको नालीबेली' शीर्षक लेखमा भने "अहिलेसम्म पनि प्रत्येक तीन वर्षमा नागपञ्चमीको दिन ठूलठूला दुईवटा रूखहरूलाई नागराज बासुकीको जोडी मानेर पूजा एवं जात्रा गरिसकेपछि कुण्डमा फाल्ने चलन कायम नै छ" भन्ने उल्लेख भएको रहेछ । त्यसैले कुन चाहिँ दिन सत्य भन्ने पत्ता लगाउन विक्रम संवत् २०५७ साल लागेको दिन म फर्पिङ्ग गएँ । शिखरेश्वरको फेदमा रहेको दहलाई बासुकी कुण्डको नाउँबाट पुकारिने हुँदा सबभन्दा पहिले शिखरेश्वर (शेषनारायण स्थान) को परिसरमा केही भइरहेको छ, छैन हेर्न र शेषनारायणको दर्शन गर्न त्यहीं ओर्लें । अनि सिढी चढ्दै गर्दा त्यहाँ बढार्ने काममा लागेकी एक बृद्धा कुसलेलाई नागनागिनी सम्बन्धमा पूछताछ गरिएकोमा '३ वर्षमा एक पटक यहीँ राख्न ल्याइने, यस पटक ३ वर्ष भएको, म बजारतिरबाट भर्खर आउँदै गरेकी तर किन हो कुन्नि त्यहाँ कुनै चलहपहल देखिइएको छैन' भन्ने जवाफ एकै सासमा दिइन् । ती कुराहरू सुन्दा म एकदमै अन्योलमा परें । कसैले २ वर्षमा एक पटक, कसैले ३ वर्षमा एक पटक त कसैले नागपञ्चमीको दिन त फेरि कसैले बैशाख संक्रान्तिको दिन नागनागिनी राखिने भनेको र बजारमा केही शुरूआत नै नभएको भन्ने सुनेको तर आफूलाई भने साँझको एक कार्यक्रममा सरिक हुन छिटै काठमाडौं फर्कनु पर्ने हुँदा त्यसरी अन्योलग्रस्त हुन पुगेको थिएँ ।

शिखरेश्वरको दर्शन गरी त्यहाँबाट बजार गएँ । थथेप टोलमा रहनु भएका चिरपरिचित पूर्व जिम्मावाल मुखिया कहाँ गएँ । भेट्नासाथ यसपालि बासुकी कुण्डमा नागनागिनी राखिने हो, होइन भनी सोद्धा हो भन्नु भएको मात्र होइन; त्यस कार्यक्रमको क्रममा हिजो सल्लाका दुई अजङ्गका रूख ढालिसकेको भन्ने समेत जानकारी वहाँबाट प्राप्त भयो । कुरा गर्दै जाँदा गएको वर्षमा नै सो काम सम्पन्न पारिनु पर्ने तर यस पटक गर्ने भएकोले नागनागिनी राख्ने काम ३ वर्षमा हुने भन्ने भान पर्न गएको कुरा पनि उल्लेख गर्नुभयो । गत वर्ष दक्षिणकालीको १२ वर्षे नृत्यमा रक्त बेताल भई संलग्न हुनु पर्ने हुँदा आफू बेफुर्सदी हुन गएको र नागनागिनी राख्ने काम सञ्चालन गर्न शिखरेश्वरका ब्राह्मण पुजारी लगायत अन्य केही व्यक्तिहरूलाई अनुरोध गर्दा समेत हुन सकेन भन्ने वहाँको थप भनाइ थियो । अहिले कुनबेला, कहाँबाट नागनागिनी रूपी सल्लाका रूखहरू

ल्याइन्छ भन्ने जिज्ञासा राख्दा पूर्व जि.मु. श्री गणेशलाल मानन्धरले सबै टोलका मानिसहरू बटुलेर लैजानु पर्ने, तानेर ल्याउने काम अलि अवेला नै होला भन्नु भएपछि मेरो स्थलगत अध्ययनले पूर्णता हासिल गर्न नपाउने देखियो ।

अरू २ घण्टा जति फर्पिङ्गमा रहन सक्ने हुँदा श्री मानन्धरलाई सल्लाका नागनागिनी रहेको जङ्गलमा आफूलाई लैजान आग्रह गरियो । नागनागिनी तानेर ल्याइने बाटो एवं खेतका कान्ला कान्ला हुँदै दक्षिणकाली पीठभन्दा वरै पौच (भुँडे) गणेशको डाँडास्थित सल्लाको जङ्गलमा पुग्यौं । त्यहाँ दुई वटा लामा सल्लाहरू ढालिराखेको, दुइटैमा डोरी राखी तान्न हुने गरी नाथ्रो सदृश प्वाल पारिराखेको र तिनीहरूमा प्यूरीको नाग बनाई चढाइराखेको देखें । नागिनी रूख ढाल्नुअघि कुखुराको फुल १ सहित अम्मय् (मासु, माछा, लसुन, छ्यापी, बारा आदि) भाग तथा नाग रूखलाई भने पञ्चामृत मात्र राखी पूजा गरिएको भन्ने थाहा पाएँ । वहाँको मुताविक पहिले, पहिले दक्षिणकालीभन्दा पारी धेरै पर धनुकेको जङ्गलबाट नागनागिनीका रूखहरू तानेर ल्याउनु पर्ने, काङ्गला फल्ने रूखलाई नागिनीको रूपमा व्यवहृत गरिने, वि.सं. २०२१ सालदेखि नागनागिनी तान्न लगाउने काम गर्दै आएको, यसमा कुनै आयस्ता नभएपनि आफूमा सांस्कृतिक रूचि भएबाट सो काम सम्हाल्दै आएको आदि भन्ने छ । नागनागिनी रूपी सल्लाका रूखहरूलाई ढाल्न बञ्चरोले पहिलो बार हान्ने काम पुतवारहरूले गर्नु पर्ने र यस पटक सो काम यल्खु टोल निवासी बुद्धिमान पुतवारले गरेको रहेछ । फर्पिङ्गे थकू जुजु (ठकुरी वंशका राजा) का रैती मानिएका महर्जनहरू अर्थात् भों द्यः (नवदुर्गा) का गुठियारहरूले रूख ताछ्ने काम गर्छन् र फर्पिङ्ग सातै टोलका निवासीहरूले अहिले पनि नागनागिनी तान्ने गर्दै आएका छन् । अघि द्वारेको व्यवस्था कायम रहेको बखत बैशाख संक्रान्ति भन्दा १ दिनअघि कसाईहरूद्वारा नागनागिनीहरू तान्न आउनु अन्यथा शेषनारायणको द्रोह गरेको ठहर्ला भन्ने प्रकारको भ्याली पिटाइने प्रचलन अहिले आएर बन्द भैसकेको छ । तिनीहरूले खाइपाई आएको खान्नी द्वारे प्रथा हटेपछि नपाएको कारण उक्त काम छोडेको भन्ने बुझिएको छ ।

मलाई जानकारी दिने क्रममा फर्पिङ्ग सात टोलमध्ये तिपि टोल, कोछु टोल तथा कोटाल टोलका मानिसहरूले नागराजा र अरू बाँकी टोलहरू- थल्खु, यल्खु, थथेप एवं कोर्प (कोथेप) का निवासीहरूले नागिनी तान्ने चलन भएको कुरा गणेशलालजीले बताउनु भएको थियो । साथै वहाँका अनुसार तानेर ल्याइएका दुवै नागनागिनीहरू थल्खु टोलको ढोकामा पुऱ्याइएपछि हरित नागनागिनी चित्रण गरिएका २ गोल्फुमा पञ्चामृत राखी पूजा गरिने र अनि तिनै गोल्फुमाथिबाट नागनागिनी तानेर लगिने प्रचलन रहेछ । त्यस्तै उग्रचण्डी भगवतीस्थानमा ल्याइपुऱ्याइएपछि रातो नागनागिनी चित्राङ्कित २ गोल्फुमाथिबाट, निम ढोका पुऱ्याइएपछि पहेँलो नागनागिनी अङ्कित २ गोल्फुमाथिबाट, गोलबहाल पुऱ्याइएपछि कालो नागनागिनी लेखिएको २ गोल्फुमाथिबाट तानेर लगि शिखरनारायण डाँडोको फेदमा अवस्थित बासुकी कुण्डमा ल्याइपुऱ्याइएपछि सेता नाग र नागिनी चित्राङ्कित २ गोल्फुमा पञ्चामृत राखी प्राचीन विधि बमोजिम नारायणका पुजारीद्वारा पूजा हुन्छ । पूजापरान्त सल्लाका रूखहरू दहमा राखिने तर तिनीहरू मकी, सडी, गली जान धेरै समय लाग्ने हुँदा अचेल पनि थुप्रै सल्लाका बोटहरू जल समाधिमा रहिरहेको जो कसैले पनि देख्न सक्छ ।

माणिग्लाधिपति महाराजाधिराज श्री श्री वीर जय योग नरेन्द्र मल्लले व्यवस्था गरेको शिखरनारायण सम्बन्धी थरि थरिका कामहरू (परिपाटी) बारे माणिग्लाधिपति महाराजाधिराज श्री श्री जय बीर नरसिंह मल्ल देवले जारी गरेको ताम्र पत्रमा धेरै विषय वस्तुको अतिरिक्त गुठीको लागि राज्यद्वारा समर्पित भूमि जग्गाको उल्लेख गरिएको पाइन्छ । दुवै राजपुरूषका मोहर समेत अङ्कित पुजारीलाई दिइराखेको ने. सं. ८२९ आषाढ कृष्ण एकादशी तिथिको उक्त ताम्र पत्रमा नागनागिनीको विषयका भने प्रत्यक्ष रूपले इङ्गित गरिएको छैन । तर पनि तत्सम्बन्धमा परोक्ष रूपले बोधगम्य हुने खालका केही तथ्यहरू त्यसमा परेका छन् । ताम्रपत्रको करीब करीब आधाआधीमा परेका केही अभिलिखित विवरणहरू पढ्दा विश्लेषणात्मक अध्ययनको निमित्त सहायक हुने देखिंदा यहाँ उद्धृत गर्ने काम गरिन्छ :-

".....स्वयंबूस पञ्चामृत पूजा घेल चाकू छाय ॥ थ्व नं सति गोरषनाथ पूजा ॥ फाल्गुण शुक्ल चतुर्दशिकुन्हु दुगुम्हं १ दयकं श्री भवानीस्के पूजा याय माल ॥ पूर्णिमाशिकुन्हु पञ्चामृतादि अबीर फूयल माध्य स्वयंबूस छाय ॥ ताँ छूय ॥ मेष संक्रान्ति न्हेथू कुन्हु दँहँ यिय, हिति सख्वालन पाय, हिति अविछिन्न हायके माल ॥ ....." भावार्थ) माघे संक्रान्तिको

दिन .... "स्वयम्भूमा घिउ चाकु चढाई पञ्चामृत पूजा गर्ने ॥ त्यसको भोलिपल्ट गोरखनाथ कहाँ पूजा ॥ फाल्गुण शुक्ल चतुर्दशीको दिन बोका सहित श्री भवानीलाई पूजा गर्ने ॥ पूर्णिमाको दिन पञ्चामृत, अबीर, फूल आदि स्वयम्भूलाई चढाउने ॥ फड्के हाल्ने ॥ मेष संक्रान्तिको अघिल्लो दिन दह सफा गर्ने, धारामा चून हाली पोत्ने, धारा अविछिन्न रूपले बगिरहने तुल्याउने ॥"

ताम्रपत्रमा परेको शब्द "स्वयम्भू" ले शिखरनारायण मन्दिरभित्र नारायण समीप दाहिने विराजमान स्वयं प्रकटित नृसिंह भगवान्लाई इङ्गित गर्छ भने "भवानी" ले नृसिंहकी शक्ति 'स्वरूपा हाल चामुण्डा (संभवतः पहिले, पहिले नारसिङ्गी नामबाटै पुकारिने) भनी प्रसिद्धि पाएकी देवीलाई जनाउँछ । मुख्य त 'तां छूय' अर्थात् 'फड्के हाल्ने' भन्ने वाक्यांश नै नागनागिनीसंग सम्बन्धित प्रतीत हुन्छ । हुनत ताम्रपत्रको मूल प्रति हेर्न नपाएको र केवल सारिराखेको नक्कल प्रति मात्र देखेको हुँदा 'ताँ छूय' को अगाडि केही तिथिमिति भएकोमा सार्दा मात्र कहीँ छुट्न गएको हो कि भन्ने पनि शंका उठ्छ । तर ताम्रपत्रमा फाल्गुण शुक्ल पूर्णिमाको उल्लेखपछि तिथिमितिको रूपमा मेष संक्रान्तिको अघिल्लो दिन भनी जिकिर भै रहेको देखिंदा बैशाख संक्रान्तिको दिन बासुकी कुण्डमा नागनागिनी भनी हालिने २ सल्लाका रूखहरूबाटै फड्केको काम लिइएको अनुमान गर्न सकिन्छ । फर्पिङ्गका पुतवारहरूले ढाल्ने र महर्जनहरूले ताछ्ने काम गरेर फड्केको लागि तयार पारिएका सल्लाहरू २ वर्षभन्दा बढी समय टिकाउ नहुने ठानेर नै होला वर्ष बिराएर कुण्डमा नागनागिनी राख्ने गरिआएको ।

फर्पिङ्ग भेकमा बासुकी कुण्डका नागनागिनी विषयमा एउटा लोकोक्ति प्रचलित छ । संभवतः नागको कुनै अवयवसंग सम्बन्धित शब्दबाटै फणापि अर्थात् फर्पिङ्ग शब्द व्युत्पत्ति भएको हुन सक्ने त्यस ठाउँमा शिखरेश्वरले अधिष्ठाता देवताको मान्यता पाइरहेको प्रारम्भिक कालमा दैनिक पूजाको लागि आवश्यक पर्ने पवित्र पानी पाउन अत्यन्त कठिन थियो । कारण, त्यहाँ पहिले अहिलेको जस्तो कुण्ड थिएन । एकताका नाबालक एवं अपाङ्ग ब्राह्मण केटो पुजारी भैरहेको बखत आमा चाहीँले उनलाई बोकेर पूजाको लागि ल्याउने, लैजाने गर्दथ्यो । पवित्र पानीको लागि हाल इन्द्रायणी पीठ रहेको स्थान समीप बगिरहेको होंडु खोलासम्म डाँडाकाँडा पार गरी जङ्गलको बाटो जानु पर्दथ्यो । दिनहुँ यस्तै प्रकार दुःख, कष्ट झेलेर शिखरेश्वरको नित्य नैमित्तिक पूजा कर्ममा संलग्न हुनु पर्दा विधवी ब्राह्मणीलाई असह्य वेदना हुन्थ्यो, अनि तिनी बराबर रून्थिन् । एक दिन त तिनी भक्कानो छुट्ने गरी रून थालिन् । क्षीर सागरमा शयन गर्ने नारायणको सेवारत हामीले पानीको दुःख सहनु पर्ने यो कस्तो विडम्बना भनी ब्राह्मणी छाती पिटी, पिटी रून थालिन् । भगवान् नारायणलाई पनि तिनीमाथि दया जागेछ । शिखरेश्वरको डाँडोको फेदमा अविरल पानीको मूल फुटाई एक दहको सिर्जना तत्काल गरिदिनु भयो । ब्राह्मणीलाई आफ्नो भक्तिको, आफ्नो पुकारको प्रत्यक्ष प्रतिफल प्राप्त भएकोमा हर्षको पारावार रहेन । तर तिनको हर्ष एकैछिनपछि बिस्मातमा परिणत भयो । कारण, विशाल दह त्यहाँबाट अविरल बगिरहेको शिखरिणी नदी पार गरेर अब ब्राह्मणी घर फर्कन नसक्ने स्थितिमा परिन् । त्यसउसले तिनी किंकर्तव्यविमुढ भइन् र पुनः विव्हल भई रून थालिन् । भगवान्को कृपाले त्यहाँ तिनले कुण्डकै छेउमा एक जोडी विशाल नाग देखिन् । तिनी भयभीत भइन् तथापि नागनागिनीको वन्दना गर्न थालिन् । नागहरूले पनि फड्केको रूपमा लम्पसार परेर ब्राह्मणी र तिनले बोकेका बालक ब्राह्मणलाई तार्नमा सहयोग पुऱ्याए ।

फनापती, देवीनगर र सुन्दरपुर समेत भनिने फर्पिङ्गका तत्कालका बासिन्दाहरूले दहको उत्पत्ति तथा नदीको उद्गम भएको हेरे, देखे र अनि नागनागिनी सम्बन्धी कुरा सुने । तदुपरान्त फर्पिङ्गका स्थायी निवासीहरू सबै मिलेर सल्लाको बनबाट शीघ्रतिशीघ्र अजङ्गका २ वटा रूखहरू ढाली, ताछी, तानी दहमा ल्याई फड्केको रूपमा हाली दिए । संभवतः पहिलो 'ताँ छूय' को काम गरेको अर्थात् फड्के हालेको दिन थियो - बैशाख संक्रान्तिको दिन । तर त्यो कति वर्ष पहिलेको घटना थियो अहिले आएर कसैले सप्रमाण भन्न सकिरहेको छैन । त्यसैले त्यो घटना आज पनि एक किंवदन्तीकै रूपमा मात्र रहन गएको छ ।

नागनागिनी रूपी पुराना सल्लाका रूखहरू जल समाधिमा रहिरहेको

पौच गणेशको जङ्गलमा ढालिराखेको सल्लाको
नागको रूपमा रूख



सोही जङ्गलमा ढालिराखेको सल्लाको
नागिनीको रूपमा रूख

गणपत्य संप्रदाय र चोभारका जलविनायक

-सरस्वती सिंह

सनातन हिन्दू धर्ममा गणेशलाई पांचायन गणका एक महत्त्वपूर्ण देवता मानिन्छ । हिन्दू धर्ममा मात्र नभइ गणेशको आराधना बौद्ध र जैनहरूले पनि गरेको पाइन्छ । नेपालको सीमा पार गरेर भारत, चीन, वर्मा, जापान, तुर्किस्तान, तिब्बत, मंगोलिया, थाइल्याण्ड, कम्पुचिया, जाभा, सुमात्रा, बोर्नियो, अमेरिका, मोरक्को आदि देशहरूसम्म यिनको पूजा, आराधना तथा महिमा फैलिएको पाइन्छ ।[१] ऋग्वेदमा ब्रह्मणस्पति नामबाट सम्बोधित भएका देवता र पुराणमा उल्लेखित गणेशको विशेषतामा सामाञ्जस्यता देखिएको हुनाले गणेशको प्राचीनतालाई ऋग्वेदसम्म पुऱ्याउन सकिन्छ ।[२] तापनि गणेशको प्रष्ट उल्लेख पुराण कालदेखि मात्र पाइने हुनाले यिनलाई पौराणिक कालको देवताको रूपमा पनि मानिन्छ । पुराणहरू मध्ये गणेश पुराण, ब्रह्मवैवर्त पुराण, स्कन्ध पुराण, शिव पुराण, पद्म पुराण आदिमा यिनको जन्म, स्वरूप, महत्ता, आयुध एवं उपासना पद्दतिको बारेमा चर्चा गरिएको छ । धेरै पाश्चात्य विद्वानहरू गणेशलाई अनार्यहरूको देवता र पछि आएर मात्र हिन्दू धर्ममा समावेश गरिएको हो भन्ने धारणा राख्दछन् ।[३] गणेशलाई सूर्य देवताको रूपमा पनि पूजा गरिन्छ । कुकका अनुसार गणेश द्रविडहरूका सूर्य देवता हुन् र तिनका वाहन मुसा रातको प्रतिक हो । जसलाई सूर्यले विनष्ट पार्दछ । रिस्लेले पनि गणेशको वाहन मुसालाई कमसेकम ओरावन नामक एक द्रविड जातिको चिन्हको रूपमा मानेर यसको प्राचीनतातिर औल्याएका छन ।[४] भण्डारकरको अनुसार गणपत्य सम्प्रदायको प्रचलन पाँचौं र आठौं शताब्दीको मध्यतिर भएको थियो । गणेशको उत्पत्ति बारे धेरै मत-मतान्तरहरू छन् । कहिले उनलाई तोड्म सम्प्रदायसित सम्बन्धित गरिएको छ भने कहिले रात्रीको देवताको रूपमा त कहिले यक्षसित पनि तुलना गरिन्छ । आनन्द कुमार स्वामीले गणेशलाई एक प्रकारको यक्ष नै मानेको छ । यस्तै गरी वासुदेव शरण अग्रवाल पनि गणेशको प्रारम्भिक मूर्तिहरू यक्षकै रूपमा बनेको मान्नु हुन्छ ।[५]

पुरातात्त्विक प्रमाणको आधारमा सिन्धुघाटी सभ्यताको एउटा सीलमा हात्तीको आकृति कुँदिएको पाइएको छ ।[६] यस आधारबाट इ. पू. ३००० तिर नै गणेशको कल्पना गरिसकिएको मान्न सकिन्छ । यस्तै भीमभेट्काको एक प्राचीन गुफाको भित्तामा पनि यस्तै एक चित्र उत्किर्ण गरिएको छ जसले गजानन वा गणेशको कल्पनालाई साकार तुल्याउँदछ ।[७] कुषाण शासक हुविष्कको एउटा मुद्रामा धनुषवाण धारण गरेको मनुष्यको आकृति कुँदिएको छ र

त्यसमुनि गणेश अभिलेख ब्राह्मी लिपिमा लेखिएको छ ।८ श्रीतत्वनीधिमा गणेशको आयुधहरूको वर्णन गर्दा धनुषवाणको पनि उल्लेख भएको हुनाले र लीपिमा गणेश भनिएकोले यस आकृतिलाई गणेश नै मान्न सकिन्छ ।९ समुन्द्रगुप्तको इलाहावाद अभिलेखमा पहिलोपटक गणपति शब्दको चर्चा परेको छ । जहाँ हार्ने राजाहरूको सूचीमा 'गणपति नाग' नामका राजाको पनि चर्चा आएको छ । श्रीलंकाको मिहिनतले स्तूपको उत्खनन् गर्दा प्राप्त भएका गणहरू मध्ये केही अमरावतीबाट प्राप्त गणहरूसंग सामाञ्जस्यता राख्ने किसिमका छन् । त्यसमध्ये एउटा गणको मुख हात्तीको जस्तो छ । जसमा सुंड स्पष्ट देखिनुको साथै दाँत बाहिर निस्किएको छ । दायाँ बायाँ सेवकहरू पनि देखाइएका छन् । शिलालेखीय प्रमाणहरूबाट यो स्तुप पहिलो-दोश्रो शताब्दीताकाको मानिएको हुनाले त्यहाँ प्राप्त गणेशको मूर्तिलाई अहिलेसम्म प्राप्त सर्वप्राचीन नमुना मानेका छन् ।१० यसप्रकार साहित्यक श्रोतमा निकै प्राचीन कालदेखि नै उल्लेख भएतापनि गणेशका प्राचीन मूर्ति तथा अभिलेखिय प्रमाण त्यति धेरै नपाइएकै आधारमा गणेशलाई पछिल्लो कालको मात्र देवता भन्न मिल्दैन । जसरी अन्य देवताको प्राचीन मूर्तिहरू पाइदैनन् त्यस्तै गरी गणेशको पनि प्राचीन मूर्ति नपाइएको हुनसक्छ । त्यसैले गणेश प्राचीन कालदेखि नै प्रचलित देवता हुन् भन्न सकिन्छ ।

नेपालमा गणेश पूजाको प्रारम्भ

नेपालमा गणेश पूजाको प्रारम्भ कहिलेदेखि भयो भन्ने सन्दर्भमा देउपाटन, चांगुनारायण, यंगालटोल, हाँडिगाउँ, धोविचौर आदि ठाउँका गणेश मूर्तिहरू लिच्छविकालीन प्रारम्भिक मूर्तिहरूसंग स्वरूप मिल्ने भएको कारण प्राचीन मान्न सकिन्छ । लिच्छविकालमा बनेका उमामहेश्वर मूर्ति फलकमा गणेशलाई पनि स्थान दिएको पाइन्छ । गणेशका स्वतन्त्र मूर्तिहरू सातौं शताब्दीमा आएपछि मात्र बन्न थालेको मानिन्छ । चांगुनारायणमा प्राप्त भएको गणेशको चारहातयुक्त सातौं शताब्दीको लिपि अंकित मूर्तिको आधारमा यसै समयदेखि गणेशको स्वतन्त्र मूर्ति बनि पूजा समेत हुन थालेको मानिन्छ । तर काठमाडौं जिल्ला गागलफेदी गा.वि.स. कागेश्वर महादेव मन्दिर नजिकै केहि वर्ष अगाडि प्राप्त भएको दुई हात युक्त गणेशको स्वतन्त्र मूर्तिलाई त्यसमा अंकित लिपि तथा स्वरूपको आधारमा पाँचौं शताब्दीको मानिएको छ ।११ पछिल्ला कालमा आएपछि टोल टोलमा नै गणेशको मूर्ति स्थापना भएको पाइन्छ । गणेशले आइपरेका विघ्न बाधाहरू हटाइदिन्छ भन्ने विश्वास अनुरूप गणेशका मूर्तिहरू स्थापना भएका हुन् ।

जसरी उपत्यकाको रक्षाको लागि हरिदत्त वर्माले चार दिशामा चार नारायणको स्थापना गरेका थिए त्यस्तै गरी संवत २७० तिर आनन्द देवले आफ्नो राज्यकालमा भक्तपुर शहरलाई त्रिकोण भित्र यन्त्राकारमा निर्माण गरेका थिए । यसप्रकार यो देश अष्टाकार आकृतिमा देवी देवताहरूको अष्टमातृका गणले विराजमान गराई धार्मिक स्थलको रूपमा पूर्वमा ब्रह्मायणी, आग्नेय कोणमा माहेश्वरी, दक्षिणमा कौमारी र वैष्णवी, नैऋत्यकोणमा महालक्ष्मी र बीचमा त्रिकोणभित्र देवी त्रिपुरसुन्दरीलाई विराजमान गराई रक्षाको निमित्त त्रिकोणमा मुलाखु गणेश, चलाखु गणेश र वालाखु गणेशको नाममा सम्बोधन गर्न लगाई भक्तपुर शहर निर्माण गर्न लगाएका थिए ।१२

यस्तै मध्यकालमा ठूला ठूला शक्तिशाली देवता स्थापना गरी मन्दिरहरू निर्माण गरेको बेलामा मन्दिरको चारै कोणमा चार गणेश स्थापना गरेको उदाहरण पाइन्छ । भक्तपुरका राजा भुपतिन्द्र मल्लले टौमढी टोलमा पाँचतले मन्दिर बनाउँदा चार दिशामा चार विनायकलाई रक्षकका रूपमा स्थापना गरेका थिए । त्यस्तैगरी राजा लक्ष्मी नरसिंह मल्लले काष्ठमण्डप बनाउँदा त्यसभित्र बीचमा गोरखनाथको मूर्ति राखि चार कुनामा चार विनायकका मूर्तिहरू राख्न लगाएका थिए । यति मात्र नभइ काठमाडौं उपत्यकाको चार दिशामा चार विनायक (सूर्य विनायक-भक्तपुर, जल विनायक-चोभार, अशोक विनायक-मरू र रक्त विनायक वा चन्द्र विनायक- चावहिल) रक्षकका रूपमा रहेका छन् । यसप्रकार प्राचीन कालदेखि प्रचलित रहेको गणेश पूजाले मध्यकालमा आएर व्यापक रूप लिएको

त्यसमुनि गणेश अभिलेख ब्राह्मी लिपिमा लेखिएको छ ।८ श्रीतत्वनीधिमा गणेशको आयुधहरूको वर्णन गर्दा धनुषवाणको पनि उल्लेख भएको हुनाले र लीपिमा गणेश भनिएकोले यस आकृतिलाई गणेश नै मान्न सकिन्छ ।९ समुन्द्रगुप्तको इलाहावाद अभिलेखमा पहिलोपटक गणपति शब्दको चर्चा परेको छ । जहाँ हार्ने राजाहरूको सूचीमा 'गणपति नाग' नामका राजाको पनि चर्चा आएको छ । श्रीलंकाको मिहिनतले स्तूपको उत्खनन् गर्दा प्राप्त भएका गणहरू मध्ये केही अमरावतीबाट प्राप्त गणहरूसंग सामाञ्जस्यता राख्ने किसिमका छन् । त्यसमध्ये एउटा गणको मुख हात्तीको जस्तो छ । जसमा सुंड स्पष्ट देखिनुको साथै दाँत बाहिर निस्किएको छ । दायाँ बायाँ सेवकहरू पनि देखाइएका छन् । शिलालेखीय प्रमाणहरूबाट यो स्तुप पहिलो-दोश्रो शताब्दीताकाको मानिएको हुनाले त्यहाँ प्राप्त गणेशको मूर्तिलाई अहिलेसम्म प्राप्त सर्वप्राचीन नमुना मानेका छन् ।१० यसप्रकार साहित्यक श्रोतमा निकै प्राचीन कालदेखि नै उल्लेख भएतापनि गणेशका प्राचीन मूर्ति तथा अभिलेखिय प्रमाण त्यति धेरै नपाइएकै आधारमा गणेशलाई पछिल्लो कालको मात्र देवता भन्न मिल्दैन । जसरी अन्य देवताको प्राचीन मूर्तिहरू पाइदैनन् त्यस्तै गरी गणेशको पनि प्राचीन मूर्ति नपाइएको हुनसक्छ । त्यसैले गणेश प्राचीन कालदेखि नै प्रचलित देवता हुन् भन्न सकिन्छ ।

नेपालमा गणेश पूजाको प्रारम्भ

नेपालमा गणेश पूजाको प्रारम्भ कहिलेदेखि भयो भन्ने सन्दर्भमा देउपाटन, चांगुनारायण, यंगालटोल, हाँडिगाउँ, धोविचौर आदि ठाउँका गणेश मूर्तिहरू लिच्छविकालीन प्रारम्भिक मूर्तिहरूसंग स्वरूप मिल्ने भएको कारण प्राचीन मान्न सकिन्छ । लिच्छविकालमा बनेका उमामहेश्वर मूर्ति फलकमा गणेशलाई पनि स्थान दिएको पाइन्छ । गणेशका स्वतन्त्र मूर्तिहरू सातौं शताब्दीमा आएपछि मात्र बन्न थालेको मानिन्छ । चांगुनारायणमा प्राप्त भएको गणेशको चारहातयुक्त सातौं शताब्दीको लिपि अंकित मूर्तिको आधारमा यसै समयदेखि गणेशको स्वतन्त्र मूर्ति बनि पूजा समेत हुन थालेको मानिन्छ । तर काठमाडौं जिल्ला गागलफेदी गा.वि.स. कागेश्वर महादेव मन्दिर नजिकै केहि वर्ष अगाडि प्राप्त भएको दुई हात युक्त गणेशको स्वतन्त्र मूर्तिलाई त्यसमा अंकित लिपि तथा स्वरूपको आधारमा पाँचौं शताब्दीको मानिएको छ ।११ पछिल्ला कालमा आएपछि टोल टोलमा नै गणेशको मूर्ति स्थापना भएको पाइन्छ । गणेशले आइपरेका विघ्न बाधाहरू हटाइदिन्छ भन्ने विश्वास अनुरूप गणेशका मूर्तिहरू स्थापना भएका हुन् ।

जसरी उपत्यकाको रक्षाको लागि हरिदत्त वर्माले चार दिशामा चार नारायणको स्थापना गरेका थिए त्यस्तै गरी संवत २७० तिर आनन्द देवले आफ्नो राज्यकालमा भक्तपुर शहरलाई त्रिकोण भित्र यन्त्राकारमा निर्माण गरेका थिए । यसप्रकार यो देश अष्टाकार आकृतिमा देवी देवताहरूको अष्टमातृका गणले विराजमान गराई धार्मिक स्थलको रूपमा पूर्वमा ब्रह्मायणी, आग्नेय कोणमा माहेश्वरी, दक्षिणमा कौमारी र वैष्णवी, नैऋत्यकोणमा महालक्ष्मी र बीचमा त्रिकोणभित्र देवी त्रिपुरसुन्दरीलाई विराजमान गराई रक्षाको निमित्त त्रिकोणमा मुलाखु गणेश, चलाखु गणेश र वालाखु गणेशको नाममा सम्बोधन गर्न लगाई भक्तपुर शहर निर्माण गर्न लगाएका थिए ।१२

यस्तै मध्यकालमा ठूला ठूला शक्तिशाली देवता स्थापना गरी मन्दिरहरू निर्माण गरेको बेलामा मन्दिरको चारै कोणमा चार गणेश स्थापना गरेको उदाहरण पाइन्छ । भक्तपुरका राजा भुपतिन्द्र मल्लले टौमढी टोलमा पाँचतले मन्दिर बनाउँदा चार दिशामा चार विनायकलाई रक्षकका रूपमा स्थापना गरेका थिए । त्यस्तैगरी राजा लक्ष्मी नरसिंह मल्लले काष्ठमण्डप बनाउँदा त्यसभित्र बीचमा गोरखनाथको मूर्ति राखि चार कुनामा चार विनायकका मूर्तिहरू राख्न लगाएका थिए । यति मात्र नभइ काठमाडौं उपत्यकाको चार दिशामा चार विनायक (सूर्य विनायक-भक्तपुर, जल विनायक-चोभार, अशोक विनायक-मरू र रक्त विनायक वा चन्द्र विनायक- चावहिल) रक्षकका रूपमा रहेका छन् । यसप्रकार प्राचीन कालदेखि प्रचलित रहेको गणेश पूजाले मध्यकालमा आएर व्यापक रूप लिएको

अवस्थित भएको कारणले यो किंवदन्तीलाई केहि पुष्टि मिल्दछ। यसै किंम्वदन्तीलाई आधार मान्ने हो भने उपत्यकाको उत्पत्ति संगै यस गणेशको प्राचीनतालाई लैजान सकिन्छ।

यस्तै स्थानीय किंवदन्ती अनुसार शुरूमा यो ठाउँ भोज, भत्तेर पश्चात बाँकि रहेका फोहर मैला फाल्ने ठाउँ थियो। फोहर भएको ठाउँमा भैरवका वाहन कुकुर, काग इत्यादि बस्दथे भने स्वयं भैरवकै पनि त्यहाँ बास हुन्थ्यो। जब उपत्यकाको पानी बाहिर जाने मुहानको हेरविचार गर्न गणेशलाई रक्षकको रूपमा स्थापना गरियो त्यसपछि भैरवले आफ्नो ठाउँमा बस्न आएका गणेशसंग ठाउँ माग्दा गणेशले कुमको समतलमा हात ल्याई भैरवलाई बस्ने ठाउँ दिए। यसरी गणेश तल र भैरव माथि बसेको हुनाले यस गणेशलाई 'क्वेना गणेश' भनिएको हो भन्ने कुरा स्थानीय वृद्धहरू सुनाउँछन्।

जल-विनायक मन्दिरकै सन्दर्भमा भने धेरै पछि आएर मात्र उल्लेख भएको पाइन्छ। बंशावली अनुसार उत्पत्ति भएका यस गणेशको स्थलमा शुरूमा केहि न केहि रूपमा मन्दिरको अंश भने थियो होला भनि अनुमान गर्न सकिन्छ। यहाँ कहिलेदेखि मन्दिर बन्यो भन्ने सन्दर्भमा धेरै वर्षपछि त्यस ठाउँमा भक्तजनहरूलाई श्री गणेशको दर्शन गर्न ज्यादै अप्ठेरो परि स्पष्टसंग नदेखिएको हुनाले राजा श्री निवास मल्लले त्यस ठाउँलाई फराकिलो गरी ने. सं. ७८७ वैशाख शुक्ल पक्षको दिनमा ठूलो मन्दिर बनाउन लगाई प्राण प्रतिष्ठा कर्म गरी गजुर समेत चढाइ नित्य पूजाको निम्ति गुठीहरू राखिदिएका थिए। त्यस्तै पछि सो मन्दिर जीर्ण भएपछि राजा राज्य प्रकाश मल्लले अघिको मन्दिर भत्काई अति राम्रो मन्दिर बनाई ने. सं. ८७१ मा सुनको गजुर समेत चढाइ दिए। पछि वि.सं १९७४ सालमा देव शम्शेर जङ्ग बहादुर राणाबाट चौघेरा सत्तल बनाई अति रमणीय स्थान बनाई दिएका हुन्। यो मन्दिर वि.सं. १९९० सालको भूकम्पमा समेत केही भएन।१५ भन्ने उल्लेख परेको छ। यिनै आधारबाट जल-विनायकको उत्पत्ति प्राचीन कालमै भएको भएतापनि यो मन्दिर सत्रौं-अठारौं शताब्दीमा मात्र बनेको कुरा मन्दिरको वास्तुकलाबाट अनुमान गर्न सकिन्छ।

तर महेन्द्र स्मृति ग्रन्थमा प्रकाशित महेन्द्र वीर विक्रम शाहदेवको पालाको एउटा अभिलेखमा 'श्री राजा शिव सिंह मल्ल एवं हरिहर सिंह देवका संयुक्त शासन कालमा ने. सं. ७२३ (वि.सं १६५९) मार्ग शीर्ष पञ्चमी श्रवण नक्षत्र व्याघातयोग सोमवारका दिन थकाली भार्य्या भुकुनमयि पुत्र उदय, पुरण, किरण इत्यादि अन्य गोष्ठी समूह समेत मिलि भक्तिपूर्वक श्री जल-विनायकका मन्दिर प्रतिष्ठित गरेकोमा ....' भन्ने उल्लेख परेबाट यस मन्दिरको ऐतिहासिकतालाई अझ अगाडी लैजान सकिन्छ।

पूजा आजा तथा जात्राहरू

यस मन्दिरमा गरिने पूजा आजा तथा जात्राहरू सम्बन्धी जानकारी मन्दिरकै पूजारी, द्य पाला तथा पौवालीहरूबाट प्राप्त भएको छ। जुन यस प्रकार छन् - यहाँ गरिने पूजा दुई प्रकारका छन्। नित्य पूजा र विशेष पर्वहरूमा गरिने पूजा बेग्ला बेग्लै छन्। नित्य पूजा गर्दा वैदिक विधि तथा तान्त्रिक विधिबाट पूजा गरिन्छ। खास गरी नेपालमा तान्त्रिक विधिद्वारा पूजा गर्ने परम्परा शंकराचार्यको आगमन पश्चात मात्र प्रारम्भ गरिएको हो। यस विधिलाई न्यास विधि पनि भनिन्छ। यस विधिबाट पूजा गर्दा शरीरको विभिन्न अंगहरूलाई स्पर्श गर्दै मंत्रोच्चारण गरी पूजा गरिन्छ।

विशेष अवसरहरूमा गरिने पूजामा गणेश दर्शन वा पाउ पूजा र वर्षवन्दिनी वा गाश्रि पूजा पर्दछन्। गणेश दर्शन वा पाउ पूजा कुनैपनि श्रद्धालु भक्तजनहरूले गर्न चाहेमा गर्न सक्दछ। यो पूजा विशेष गरी रात्रीमा गरिन्छ। गणेशलाई आसन बनाई भैरव माथिबाट चढेको हुनाले गर्भगृह भित्रको देखिने प्रस्तरको प्रतिकात्मक शिला भैरवका हो र त्यसमुनि गणेश रहेको छ भन्ने विश्वास अनुरूप पाउ पूजा गर्दा तल रहेको सानो धातुको ढक्कन हटाएर यो पूजा गर्नाले मनको इच्छा पूरा हुने विश्वास पाइन्छ।

जल विनायक मन्दिरमा गरिने विशेष पूजाहरूमा वर्ष-वन्दिनी वा गाश्रि पूजा मूख्य पर्दछ। ज्येष्ठ शुक्ल पक्षको दिनमा गरिने यस पूजामा गणेशको पूजाको साथसाथै मन्दिर प्राङ्गणमा चण्डिपाठ, होम, गणेश सहश्रनाम पूजा गरिन्छ।

चोभार जल-विनायक मन्दिर



चोभार जल-विनायक मन्दिरको दृष्य

यस पूजामा ७ जना ब्राह्मण, पाटी पौवा रेखदेख गर्ने पौवाली-१ जवान, द्य पाला-१ जवान, पूजारी-१ जवान र ३-४ जवान कामदारहरू सहभागी हुन्छन् । यस पूजामा पहिले पञ्चवली दिने गरिन्थ्यो तर हाल पञ्चवली दिने प्रथा लोप भई बोका बली दिई बोकाको टाउको होम गरिन्छ । यसै सन्दर्भमा एक आख्यान अनुसार एकपटक गणेशले चारखुट्टे प्राणी बलि दिंदा त यति धेरै रगत आउँछ भने आठखुट्टेको कति धेरै आउँदो होला भनि आठ खुट्टे प्राणीको बली खाने इच्छा गरेछन् । यो कुरा थाहा पाइ एकजना धूर्त व्यक्तिले आठ खुट्टे प्राणी गंगटोलाई बाँधि होस्टे हैंस्टे गर्दै बलि दिन ल्याएछ । आठ खुट्टे प्राणीको बली खान खुशी भएका गणेशको अगाडि ल्याई गंगटो बली दिंदा एक थोपा पनि र गत आएन । यसै समयदेखि आठखुट्टे प्राणी सहितको पञ्चबली दिने चलन चलेकोमा आजकल बोकाको मात्र बली चढाई होम गर्ने गरिन्छ भनि स्थानीय एक व्यक्ति दामोदर धिताल बताउनु हुन्छ ।

यसबाहेक भक्तजनहरूबाट दैनिक पूजा, भाकल पूजा गर्ने चलन छ । भाकल पूजा गर्दा विशेषगरी लड्डु चढाउने गरिन्छ । त्यस्तै गरी स्थानीय नेवार समुदायका वासिन्दाहरू बाजागाजा सिक्नु अघि यस गणेशको नाममा "किस्लि" (एक प्रकारको भाकल) उठाउने गर्दछन् । राजपरिवारबाट पनि यस गणेशको पूजा गर्ने चलन छ। यसै अनुरूप वैशाख शुक्ल अष्टमीको दिनमा श्री ५ महाराजाधिराजबाट पूजा आराधना गरिबक्सन्छ ।

गणेश जात्रा र गुठियार "क्वेना स्व" को भूमिका

जल-विनायक मन्दिरका गुठीयारलाई 'क्वेना स्व' भनिन्छ । यिनिहरू पाटन नः टोलका ज्यापू समुदाय भित्रका हुन्छन् । आफ्नो गुठिभित्र जेठो आठ जना पुरूष लाई थकाली 'क्वेना स्व' बनाइन्छ । यिनै क्वेना स्व हरूले मन्दिरको जात्रा आदिको बन्दोवस्त गर्नु पर्दछ । कार्त्तिक महिनाको तृतियाको दिनदेखि शुरू हुने यस गणेश जात्रामा तृतियाको दिन एउटा राँगो काटिन्छ र सो राँगोको टाउको भोली पल्ट भिसमिसे बिहानै कसैले नदेख्ने गरी छोपेर पाटन नः टोल स्थित क्वेना गणेश मन्दिर (दैनिक पूजा गर्न चोभारसम्म जान ज्यादै टाढा हुने भएकोले नःटोलमा पनि एउटा मन्दिर बनाएको छ) मा लगिन्छ र त्यस मन्दिरमा मुख्य गणेशको मूर्ति स्थापना गरिएको ठाउँबाट उक्त मूर्ति झिकि राँगोको टाउको त्यहाँ स्थापना गरी गणेशको मूर्तिलाई खटमा राखी चोभार लगिन्छ । यस दिन चोभार भर ठूलोजात्रा मनाई छोरी चेली, आफन्त डाकी भोज खुवाइन्छ । भोलीपल्ट पूर्णिमाको दिन कसाई बाजासहित उक्त गणेशको मूर्तिलाई पाटन फर्काइन्छ । यसदिन पाटन नःटोलमा जात्रा हुन्छ र यहाँ राखिएको राँगोको टाउकोको 'सिकाभु' (ज्येष्ठता क्रम अनुसार विभिन्न हिस्सा सगुन स्वरुप खाने) गर्दछ । यति हुँदा हुँदै पनि श्री ३ चन्द्रशम्शेरको समयदेखि मन्दिरका पूजारी र द्य पालाले नै सबै गुठी तथा जात्रा पर्वहरू चलाउन पाउँ भनि दिएको विन्तिपत्रमा स्वीकृति प्राप्त भए पश्चात क्वेना स्व ले कुनै गुठिहरू चलाउन नपर्ने भयो । हाल आएर क्वेना स्व को भूमिका वर्षमा ५ पटक भोज खानुमा नै सीमित रहेको छ ।

पाद टिप्पणी

१. हरिराम जोशी- हिन्दू देवी देवता, सूचना विभाग २०४० पृष्ठ ११-१२
२. आचार्य बलदेव उपाध्याय- 'पुराण विमर्श' द्वितिय संस्करण, पृष्ठ ४८१-४८५
३. Alice Getty- Ganesa: A monographe an tue Elephant faced god, 2nd edition, PP-1-10.
४. हरिराम जोशी- पूर्ववत पृष्ठ ८
५. पशुपति **कुमार** द्विवेदी- **सबैका** साझा देवता गणेश, गोरखापत्र शनिवार जेष्ठ ५ गते २०४२
६. गिरिश भण्डारी - 'रोम मे भी गणेश पूजनकी परम्परा' हिन्दुस्तान रविवासरीय, नई दिल्ली १९ सितम्बर १९९३
७. ऐजन - ऐजन
८. डिस.सि. सरकार - सेलेक्टेड इन्सक्रिप्सन्स, पृष्ठ १६१
९. गोविन्द **टण्डन** - काठमाडौं अधित्यकाका गणेश मूर्तिहरू, पृष्ठ १०
१०. Alice Getty - foot note no. 3
११. मोहन प्रसाद खनाल - नेपाली कला पृष्ठ २४१
१२. **लीलाभक्त** मुनकर्मी - मध्यकालिन नेपाल, रत्नपुस्तक भण्डार, पृष्ठ २
१३. योगी नरहरी नाथ - देवमाला वंशावली, पृष्ठ ७७
१४. जल विनायक मन्दिरका पूजारी ध्रुवनारायण कर्माचार्यसंगको अन्तर्वाताबाट ।
१५. योगी नरहरी नाथ - पूर्ववत, पृष्ठ ७८

नीप संघशासक पशुपालक गणजाति होइन

-दिवाकर आचार्य

नेपाल शब्दको निर्वचन गर्नुपर्दा जनपदवाची नीप शब्दबाट वा नीप शब्दको वैकल्पिक रूप नेपबाट स्वार्थमा अथवा जाति (समूह) वाची नीप वा नेप शब्दबाट देश अर्थात् जनपद अर्थमा 'आल' प्रत्यय गर्नुपर्छ या त उपर्युक्त अर्थमै नीप वा नेप शब्दबाट 'ल' प्रत्यय गरी 'अ वा 'आ' आगम गर्नुपर्छ । अतः नेपाल शब्दमा आएको 'आल' पदांश पूर्ववर्ती लेखक ज्ञानमणि नेपालले माने झैं कुनै शब्द होइन, यो त एउटा प्रत्यय मात्र हो र यसको अलगै अर्थ गर्न पनि सम्भव छैन भन्ने कुरा मैले साझा प्रकाशनद्वारा प्रकाशित 'गरिमा' पत्रिकाको 'पूर्णाङ्क १९९' मा नै प्रष्ट पारिसकेको छु[१] र अब नेपाल शब्दको मूल शब्द 'नीप' को अर्थका सम्बन्धमा विवेचन गर्नुपर्ने मैले पाएको छु । नीप शब्दबाट नेपाल शब्द बनेको मान्ने तीनैजना पूर्ववर्ती लेखकहरू लासेन, लेभी र ज्ञानमणि नेपालले नीप शब्दको अर्थ विषयमा पनि चर्चा गरेका छन् । लासेनले नीपको अर्थ पहाडको तल्लो भाग मानेका छन्[२] भने लेभीले लासेनको अर्थप्रति असहमति जनाउँदै नीपलाई पाञ्चालको काम्पिल्यमा शासन गर्ने पाण्डवहरूको वंशचक्रको एक क्षत्रिय राजवंशका रूपमा उपस्थापित गर्न सकिने कुरा लेखेका छन् । परन्तु आफ्नो उक्त मतमा लेभी पूर्णतया अड्न सकेका छैनन् र नेपाल शब्दलाई संस्कृत मूलको मान्दामान्दै पनि यसको सन्तोषजनक निर्वचनात्मक व्याख्या प्रस्तुत गर्न आफू असमर्थ भएको कुरा स्वीकारेका छन् ।[३] ज्ञानमणि नेपालले भने निकै लामो विवेचन गरी स्थानवाचक मात्र नभई जातिवाचक नीप शब्द पनि पाइएकोले 'नीपहरू गणजातिका मानिस हुन्, यिनको संघात्मक शासन थियो, यी संघशासक आभीरका समानधर्मा ग्वाला थिए र यिनको पेशा पशुपालन थियो' भनी लेखेका छन् ।[४] परन्तु विद्वान् लेखकका यी स्थापनाहरू प्रमाणको कसीमा खरो उत्रन सक्दैनन् ।

ज्ञानमणि नेपालले प्रागैतिहासिक कालमा अस्तित्वमा रहेका नीपहरूका सम्बन्धमा निर्णय गर्नुपर्दा मध्यकालका सामग्रीलाई आधार बनाएका छन् र तिनको पुष्टि गर्ने प्राचीन प्रमाण भनी प्रमाणाभासहरू (प्रमाण जस्ता देखिने तर आवश्यक कुरा सिद्ध गर्न नसक्ने तथ्यहरू) लाई अधि सारेका छन् । उनी माहात्म्य कथा र वंशावलीका लोकगाथामा आधारित अपूर्ण तथ्यहरूमै रूमल्लिएका छन् र उनलाई नीपहरूका मूलपुरूष वैदिक ऋषि नीपातिथि र उनका रचनाको साथै सबैजसो प्रमुख पुराणहरूमा विशेष महत्त्व दिई चर्चा गरिएको नीपवंशको सूचना छैन । त्यसैले यहाँ ज्ञानमणि नेपालद्वारा नीपहरूका सम्बन्धमा उपस्थापित

ती-ती स्थापनाहरुको छुट्टाछुट्टै विवेचना गर्न आवश्यक भएको छ ।

नीप गणजाति होइन

प्राज्ञ नेपालले "नीपहरू गणजातिका मानिस हुन्" भन्ने निष्कर्ष निकालेका छन्, तर उनले प्रस्तुत गरेका सन्दर्भ र प्रमाण-सामग्रीबाट यो कुरा सिद्ध हुन सक्दैन । उनले प्रस्तुत गरेका दुई थरिका सामग्रीमध्ये मध्यकालका सामग्री आख्यानमूलक रहेकाले भ्रमोत्पादक छन् र यी मुख्य प्रमाण हुन सक्दैनन् । यस कुरामा लेखक स्वयं पनि सजग छन् र उनले यी प्रमाणका आधारमा विचार फैलाउने काम मात्र गरेका छन् ।[४] लेखकले मुख्य प्रमाणका रूपमा अघि सारेका प्राचीन प्रमाणहरू पनि सबल छैनन् र तिनका आधारमा लेखकले दावी गरेझैं नीपलाई गणजाति सिद्ध गर्न सकिन्न । लेखकले दिएका महाभारतका चार उद्धरण मध्ये पहिलोमा स्पष्टसंग "सय नीप राजाहरू" को उल्लेख भएको छ ।[५] भने बाँकीका तीनवटै उद्धरणमा केवल बहुवचनान्त नीप शब्दको प्रयोग भएको छ ।[७] बहुवचनान्त नीप शब्दले नीप जनपद (देश), त्यहाँका जनता वा त्यहाँको राजवंशलाई बुझाउँछ र यसका आधारमा नीपहरूलाई गणजाति मान्न कदापि सकिन्न ।[८] लेखकद्वारा प्रस्तुत गरिएको पातञ्जल महाभाष्य र रघुवंशका उद्धरणमा नीप जनपद र नीपवंशकै उल्लेख छ, नीप गणजाति र संघशासनको होइन । अतः प्राज्ञ नेपालले नीपलाई गणजातिका रूपमा पहिचान गर्न प्रयोग गरेका यी सबै प्रमाणहरूको पुनः परीक्षा गर्न आवश्यक भएको छ र यसलाई अघि बढाउन सर्वप्रथम गणजाति, गण, जनपद र जातिगत वर्गीकरणका सम्बन्धमा केही स्पष्ट पार्न अनिवार्य भएको छ ।

गण र जातिगत वर्गीकरण

प्राचीन भरतखण्डमा साना-ठूला विभिन्न जनपदहरू थिए । महाभारतमा सयभन्दा बढी यस्ता जनपदहरूको परिगणन गरिएको छ र यहाँ नीप जनपदको पनि उल्लेख छ ।[९] बौद्ध पालि ग्रन्थहरू एवं पुराणहरूमा समेत यस्ता थुप्रै जनपद र षोडश-महाजनपदको उल्लेख भेटिन्छ[१०] । यस्ता जनपद अन्तर्गत स-साना नगर एवं ग्रामसमूह रहेका हुन्थे र यहाँका बासिन्दा र राजा समेत जनपदकै नामले चिनिन्थे । शुरूमा कुनै प्रभावशाली नायक, राजा वा वर्गले समाजका सबै जातजाति एवं अंगहरूलाई समेटेर एउटा जनपद (राज्य) खडा गर्थ्यो र आपसी सहयोगको माध्यमले यसलाई मजबुत तुल्याउँथ्यो । जनपद उसकै नामले चिनिन थाल्थ्यो र पछि गएर सो जनपदसंग सम्बन्ध राख्ने सबै बासिन्दा, राजकुल र सम्प्रदाय समेत जनपदकै नामले प्रसिद्ध हुन्थे । यसरी शुरूमा कुनै व्यक्ति वा वर्गको नाममा सीमित रहेको शब्दले समाजका सबै जातजाति र अंगलाई बुझाउँथ्यो । कहिलेकाहीं ठाउँकै नामबाट जनपदको नाम रहन्थ्यो र जनपदको नामको आधारमा त्यहाँको राजवंश, बासिन्दा आदि पनि सोही नामले चिनिन पुग्थे । यसरी एउटा जनपद एउटा गण (समुदाय) मानिन्थ्यो । एउटै जनपद वा गणभित्र क्षेत्रीय विभाजन आदिका आधारमा त्यस गणको अवयवका रूपमा सानातिना अरू गण पनि रहन्थे ।[११]

महाभारतमा सर्वत्र सबै जातजातिका मानिस हुन्छन् भनी स्पष्ट शब्दमा भनिएको छ ।[१२] उपनिषद्हरूमा कुरूका, पञ्चालका र विदेहका ब्राह्मणहरू; [१३] विदर्भका कौण्डिन्य ब्राह्मणहरू[१४], र मद्रमा पुगेका चरक ब्राह्मणहरूको [१५] उल्लेख पाइन्छ । यसैगरी बौद्धग्रन्थ मज्झिम निकायमा कोसलको ब्राह्मण गाउँ र त्यहाँका ब्राह्मण गृहस्थहरूको चर्चा परेको छ [१६] । जातिगत कट्टरताको विकास संगसंगै विस्तारै 'गण' को धारणामा पनि परिवर्तन आएको पाइन्छ । कतिपय स्मृति, धर्मशास्त्र र पुराण आदिले गणलाई समुदायका रूपमा स्वीकार नगरी त्यसबेला कल्पित आधारमा एउटा निश्चित जातिका रूपमा देखाउने गरेको भेटिन्छ । यस्ता सामग्रीमा कुनै पनि गणलाई तल्लो वा भ्रष्ट जातिका रूपमा प्रस्तुत गर्ने र म्लेच्छ व्रात्यजस्ता शब्दले होच्याउने गरेको पनि पाइन्छ । मनुस्मृतिमा पौण्ड्र, औड्र, काम्बोज, शक, पारद, पह्लव, चीन, दरद, द्रविड, खस यी सबैलाई क्रियालोप गर्नाले शूद्र भएका जाति भनी परिगणित गरिएको छ [१७] र फेरि द्रविड एवं खस सहित लिच्छवि, झल्ल र मल्ललाई व्रात्य क्षत्रियबाट उत्पन्न जाति,

आवन्त्य र वाटधानलाई व्रात्य ब्राह्मणबाट उत्पन्न जाति, कारुष र सात्वतलाई व्रात्य वैश्यबाट उत्पन्न जाति र वैदेह मागध र आभीरलाई शूद्र सरहको जातिमा राखिएको छ ।[१८] मनुले जातिको नाम मानेका यी सबै संज्ञा गणका नाम हुन् र ती ती गण किंवा समुदायभित्रका सबै जातजाति त्यही नामले चिनिन्छन् । यी मध्येका द्रविड र खस अझै पनि अलग समुदायका रूपमा भेटिन्छन् । यी दुवै समुदायभित्र सबै जातजाति रहेका छन् र द्रविड समुदायका पाँच प्रकारका ब्राह्मण विशेष पवित्र समेत मानिन्छन् । यसैगरी मनुको योजनामा शूद्रसरह मानिएको आभीर चरणव्यूहको परम्परामा ब्राह्मण मानिन्छ ।

प्राचीन गणहरूलाई होच्याउने परिपाटी कसरी फैलिएको थियो भन्ने कुराको तहसम्म पुग्न महाभारत कर्णपर्वको निम्नलिखित प्रसंगमा दृष्टि पुऱ्याउनु आवश्यक छ, जसमा 'अङ्ग' देशका राजा कर्णले 'मद्र' र 'बाहीक' देशका राजा शल्यलाई तीतोमीठो सुनाएका छन् । शल्यको बदख्वाई गर्दै कर्ण भन्छन् – "तिमी त त्यस देशका राजा हौ जहाँ न शौचको पालना हुन्छ न आचारको । जहाँ एउटै व्यक्ति ब्राह्मण , क्षत्रिय, वैश्य, शूद्र, नापित, दास सबै हुन्छ । जहाँ धर्मसांकर्य छ र जहाँ यज्ञ गरिन्न । तिम्रो देशका मानिस व्रात्य भैसकेका छन्, म्लेच्छ भैसकेका छन् । तिनीहरूसंग कर असूल गर्ने तिमी पनि तिनकै साझेदार हौ, इत्यादि" ।[१९] यही क्रममा कर्णले कारस्कर, माहिषक, कुरण्ड, केरल, कर्कोटक, वीरक, प्रस्थल, सिन्धुसौवीर, आरट्ट, वसाति, मद्र, गान्धार र खस देशमा नजान भनेका छन् ।[२०] यसको उत्तरमा शल्यले कर्णलाई दिएको जवाफ अझ मननयोग्य छ, उनी भन्छन् – "हे कर्ण, आचार त तिम्रै देशमा पनि छैन । सबै ठाउँमा ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र सबै जातजाति हुन्छन् । सबै ठाउँमा आचारको पालना गर्ने र नगर्ने दुवै हुन्छन् । सर्वत्र राजाहरू हुन्छन् र तिनले दुष्टहरूको दमन गर्छन्, धर्मको रक्षा गर्छन् । कर्ण, कुनै देशमा रहनाले मात्र कोही पापी वा धर्मात्मा हुँदैन ।" [२१]

महाभारतको यस प्रसंगबाट कुनैपनि गणभित्र सबै जातजाति रहन्थे भन्ने तथ्यमात्र स्पष्ट भएको छैन, अपितु मनुस्मृतिकारको विवादपूर्ण उक्तिको व्याख्या गर्ने बाटो समेत प्राप्त भएको छ ।

उत्तर-वैदिककाल एवं उपनिषद्कालदेखि नै वैदिक यज्ञानुष्ठानतर्फ खास चासो नदिई आत्मशुद्धिका विभिन्न उपायहरूको पालना गर्ने र आत्म-चिन्तनको मार्ग अपनाएका घुमक्कड संन्यासीहरूलाई मान्नेहरूको एउटा ठूलो जमात खडा भैसकेको थियो र याज्ञिक कर्मकाण्डबाट टाढिएर व्रतादिको मात्र पालना गर्ने भएकाले यिनलाई व्रात्य भनिन्थ्यो ।[२२] यी प्रारम्भिक आर्यजन थिए, यिनीहरू उत्तर र पूर्वतर्फ अघि बढ्दै गएका थिए र यिनमा याज्ञिक कट्टरता थिएन । नवीन आर्यजन मध्यदेशको एक भागमा बसोबास गर्दथे र यिनीहरू आफ्नो प्रचार क्षेत्रलाई ब्रह्मावर्त वा ब्रह्मर्षिदेश भन्दथे ।[२३] यिनमा याज्ञिक कट्टरताको प्रबल विकास भएको थियो । यिनीहरू आफ्नो कट्टरतामा गर्व गर्थे र पूर्वदेशका आर्यहरूलाई आफूभन्दा तल्लो कोटिमा राख्दथे । जबसम्म पूर्वदेशका व्रात्य-आर्यहरूको समाजमा राम्रो प्रतिष्ठा कायम थियो, तबसम्म सामान्य मतभेद रहे तापनि ब्रह्मावर्त र त्यसको वरपरका कट्टर आर्यहरू यिनीहरूसंग सामञ्जस्य राख्न बाध्य थिए, यिनलाई आफूबाट पूर्णतया अलग्याउन सकेका थिएनन् ।[२४] परन्तु जति-जति समय बित्दै गयो उति-उति कट्टरताले प्राथमिकता पायो, प्राचीन आर्यहरू वृषल, शूद्र, महाशूद्रको सूचीमा राखिन पुगे । व्रात्य शब्द गाली भयो र यिनलाई अनार्य समेत भन्न थालियो ।

मनुस्मृतिको माथि उल्लिखित व्यवस्था पनि यस्तै कट्टर मानसिकताको उपज थियो । ब्राह्मण धर्मको पुनरुज्जीवन कालमा आफ्नो समुदायलाई ठूलो र शुद्ध सिद्ध गर्न र रीस उठेका अन्य समुदाय एवं प्रत्यन्त देशका बासिन्दालाई सानो र पतित सिद्ध गर्न म्लेच्छ, व्रात्य, वृषल, शूद्र आदि विशेषण दिनु सामान्य कुरा थियो । महाभारतको प्रसंगले पनि यसै तथ्यलाई बल दिएको छ । मद्र र बाहीक जनलाई कर्णले केही भन्न बाँकी राखेका छैनन् जबकि मनु-स्मृतिको व्यवस्थामा यिनीहरू व्रात्य जातिमा पर्दैनन् ।

यी सबै विवेचनबाट यो कुरा निश्चित हुन आउँछ

कि कुनैपनि गण आफैंमा एउटा जाति होइन, यो विभिन्न जातजातिको समूह हो, समुदाय वा वर्गविशेष हो । यस्ता गणहरूको संगठन शिथिल भएपछि पछिल्लो कालमा मात्र यिनलाई वर्णव्यवस्थाबाट बाहिर पार्ने वा तल्लो जातिमा सीमित गराउने प्रयास गरिएको हो ।

नीप गणजातिको संघशासन निराधार छ

आज सबै प्राचीन गण वा समुदाय विघटित भैसकेका छन् र नयाँ समुदाय बनेका छन् । लिच्छवि, आभीर, कोलि, मल्ल, शाक्य, वृजि आदि कुनै समय नेपालमा नै अस्तित्वमा रहेका समुदायको आज आफ्नो अलग अस्तित्व छैन र शायद तिनीहरू नेवार समुदायको संघटक तत्त्व बनिसकेका छन् । यी सबै जाति नभई समुदाय भएकाले नै यस्तो भएको हो । लिच्छवि जाति भएको भए अवश्य भेटिन्थ्यो । यो एउटा समुदाय (गण) थियो, विघटित भयो, यसभित्रका सदस्यहरूको अलग पहिचान समाप्त भयो र यिनीहरू व्यक्तिगत रूपमा जातीय पहिचानमा सीमित हुनपुगे एवं अन्य समुदायमा मिसिन पुगे ।

नीप पनि यस्तै एउटा गण थियो गणजाति थिएन र यसभित्र पक्कै पनि सबै जातजाति थिए । परन्तु ज्ञानमणि नेपालले पातञ्जल महाभाष्यको एउटा प्रसंगलाई मूल प्रमाण मानी त्यसका आधारमा नीपहरू संघशासनका गणजाति भएको सूचना मिलेको दावी गरेका छन् । वास्तवमा, पातञ्जल महाभाष्यको प्रसंगको संघात्मक शासन वा गणजातिको मान्यता दुवैसंग कुनै सरोकार छैन । त्यसैले महाभाष्यको उक्त प्रसंगको यहाँनेर परीक्षा गर्नु आवश्यक देखिएको छ । प्राज्ञ नेपालको उक्त प्रसंगको व्याख्या यस्तो छ – "जनपद (मुलुक) लाई पनि कहने क्षत्रीलाई पनि कहने शब्दबाट अपत्य (संतान) अर्थमा अञ् प्रत्यय हुन्छ भनी पाणिनिले लेखे । यहाँ वार्तिककारले क्षत्रिय शब्दले एकतन्त्री शासनका राजालाई कहन्छ, संघ (गण) वाचक शब्दबाट हुँदैन तथा अपत्यार्थमा गरिएका प्रत्यय त्यस देशका राजा भन्दा पनि हुन्छन् भनी अर्थ स्पष्ट गरे । पतञ्जलिले इक्ष्वाकु जस्ता शब्दबाट अञ् बाहेक अरू प्रत्यय हुने व्याख्या गरे । यस बाहेक जनपद र गणवाची दुईस्वरे शब्द अनि मगध कलिङ्ग सूरमस शब्दहरूबाट अण् हुन्छ भनी लेखियो । यसको अपवादमा कुरू र नकारादि शब्दबाट ण्य हुन्छ भनिएको छ । दुई अच् हुने अङ्ग बङ्गदेखि आङ्ग बाङ्ग भयो । मगध कलिङ्गबाट मागध कालिङ्ग हुने र कुरूबाट कौरव्य हुने भयो । नीप शब्द दुई अच्मा पनि पर्‍यो, नादिमा पनि पर्‍यो । यसकारण नीप शब्दबाट नीपानां राजा-नीप संघका राजा भन्दा 'कुरूनादिभ्यो ण्यः' ले ण्य पनि हुने भो । ण्य हुँदा नैप्य रूप बन्ने भयो । नीप देशका बासिन्दा (नीपः अभिजनो येषां) भन्दा शैषिक अण् भएर नैप रूप बन्ने माथि नै बताइयो ।"[२५]

प्राज्ञ नेपालद्वारा प्रस्तुत यस व्याख्यामा प्रशस्त त्रुटिहरू छन् । "क्षत्रिय शब्दले एकतन्त्री शासनका राजालाई कहन्छ , संघ (गण) वाचक शब्दबाट (प्रत्यय) हुँदैन" भनी यहाँ दिइएको व्याख्या सर्वथा गलत छ । वार्तिकमा परेको 'संघ' शब्दले गणवाची शब्दलाई बुझाउन खोजिएको होइन । वार्तिककारले त 'एकराज' भनेर एकच्छत्र राजा (= राजवंशका मूल शासक) लाई र 'संघ' भनेर त्यसदेखि बाहेकको क्षत्रियवर्गलाई संकेत गरेका हुन् । उनको आशय क्षत्रिय भनेर जनपदका मूल शासकलाई लिनुपर्छ, जनपदभित्रका सबै क्षत्रियलाई लिनु हुँदैन अर्थात् क्षत्रिय शब्दलाई जातिवाचक मानेर बहुवचनमा प्रत्यय गर्नु हुँदैन भन्ने मात्र हो ।[२६] भाष्यकार पतञ्जलिले उक्त वार्तिकको विवेचन गरेका छन् र अन्ततः यसको खण्डन समेत गरेका छन् । अर्थात् संघबाट बहुवचनमा पनि प्रत्यय हुनसक्ने कुरा दर्शाएका छन् । यस प्रसंगमा पतञ्जलिले संघ भनेर बहुत्वलाई नै लिएका छन् । वार्तिकको खण्डनको क्रममा पतञ्जलि लेख्छन्– "वार्तिक पढ्नु पर्दैन किनकि ('जनपदशब्दात् क्षत्रियादञ्' यस सूत्रले) प्रत्यय नहुने हो भने बहुवचनमा (प्रत्ययको) लोप भएर बन्ने "पञ्चालाः" रूप बन्दैन । बहुवचनको यो रूप त (माथिको सूत्रले अञ् प्रत्यय गरी पाञ्चाल शब्द बनाई) त्यसबाट फेरि युवप्रत्यय भएपछिको हो भन्छौं भने (तिमी आफैं फस्छौं किनभने) युवप्रत्ययको त लोप भइहाल्छ । तर बहुत्व युवप्रत्ययसंग सम्बद्ध रहेकाले त्यसलाई आधार मानी अञ् प्रत्ययको लोप

हुन सक्दैन (र 'पञ्चालाः' रूप बन्दैन)।[२७] यताबाट प्राज्ञ नेपालद्वारा प्रमाणका रूपमा उपस्थापित गरिएको महाभाष्यको प्रसंगको सम्बन्ध गण वा गणजातिको मान्यतासंग नभई बहुत्व वा बहुवचनसंग छ भन्ने स्पष्ट हुन्छ।

यसरी वार्तिकको खण्डन गर्नुअघि पतञ्जलिले पूर्वपक्षका रूपमा वार्तिकको विवेचन गरेका छन्। सो क्रममा उनले दिएको 'संघ' बाट प्रत्यय नभएको उदाहरणबाट पनि प्राज्ञ नेपालले प्रमाण मानेको प्रसंगको सम्बन्ध गणजाति र संघशासन दुवैसंग छैन भन्ने छर्लङ्ग हुन्छ। त्यहाँ उनले 'संघबाट प्रत्यय भएन जस्तै पञ्चालानामपत्यम्, विदेहानामपत्यमिति, भनी उदाहरण प्रस्तुत गरेका छन्[२८]। पञ्चाल र विदेह जनपदमा शुरूदेखि नै राजशासन थियो संघ शासन थिएन। यदि वार्तिकमा आएको "संघ" शब्दको अर्थ संघशासन भएको भए स्वयं पञ्चालका राजाको उल्लेख गर्ने पतञ्जलिले संघबाट प्रत्यय नभएको उदाहरण दिनुपर्दा 'पञ्चाल' लाई नै लिने थिएनन्। विद्वान् लेखकको यसतर्फ दृष्टि पुग्न सकेको छैन र उनी आफ्नै कल्पनामा रुमल्लिन पुगेका देखिन्छन्।

पाणिनीय सूत्र 'द्वयच्मगधकलिङ्गसूरमसादण्' को अर्थ प्राज्ञ नेपालले "जनपद र गणवाची दुईस्वरे शब्द अनि मगध कलिङ्ग सूरमस शब्दहरूबाट अण् हुन्छ" भनी गरेका छन्। यो अर्थ लेखकको कल्पनाको अर्को नमूना हो। यस सूत्रमा दुई सूत्र अधिबाट 'जनपदशब्दात्क्षत्रियात्' यति अंशको अनुवृत्ति आउँछ र यसको अर्थ 'क्षत्रियलाई बुझाउने जनपदवाची दुईस्वरे शब्द अनि मगध कलिङ्ग सूरमस शब्दहरूबाट अण् हुन्छ' यतिमात्र हुन्छ।[२९] यसका अतिरिक्त विद्वान् लेखकले अनुवृत्तिको नियमलाई समेत परवाह नगरी दुई परस्पर सम्बद्ध सूत्रको व्याख्या गर्नुपर्दा दोहोरो मापदण्ड अपनाएका छन् र एउटै शब्दको अर्थ दुई ठाउँमा अलग अलग गरेका छन्। अनुवृत्ति आउने अंशको अघिल्लो सूत्रमा अर्थात् मूलसूत्रमा जे अर्थ छ त्यही अर्थ पछिल्लो सूत्रमा पनि गरिनुपर्छ। किन्तु प्राज्ञ नेपालले एउटै 'जनपदशब्दात् क्षत्रियात्' यस पदावलीको अर्थ एक ठाउँमा 'जनपदलाई पनि कहने क्षत्रीलाई पनि कहने तर गणवाचक शब्ददेखि बाहेकका एकतन्त्री शासनका राजालाई मात्र कहने शब्द' भनी गरेका छन् र अर्को ठाउँमा पहिलेको ठीक विपरीत 'जनपद र गणवाची शब्द' भनी यसको अर्थ गरेका छन्। यसप्रकार लेखकको व्याख्या अपूरो र गलत मात्र होइन प्रक्रियागत रूपले असुरक्षित समेत छ। अनुवृत्ति आउने सम्बद्ध अंशको अघिल्लो सूत्रमा गरेकै अर्थ अर्को सूत्रमा पनि लग्दा त्यो अर्थ आफ्नो आशयको ठीक विपरीत हुने देखेर जसोतसो आफ्नो स्थापनालाई पुष्टि गर्न विद्वान् लेखकले यहाँ कल्पनाको पुष्टि दिएको भान हुन्छ। उनको काल्पनिकता अगाडि गएर अझ विकसित भएको छ। पतञ्जलिले "इहोभयं प्राप्नोति नैपः, नैप्यः- यहाँ दुवै पाउँछ 'नैप' पनि हुन्छ र 'नैप्य' पनि" यतिमात्र बोलेका छन्।[३०] यसको आशय नीप शब्द दुई स्वरवाला भएकोले 'द्वयच्मगधकलिङ्ग-सूरमसादण्' ले अण् प्रत्यय भई नैप शब्द र नकारबाट शुरु हुने शब्द भएकोले "कुरूनादिभ्यो ण्यः' ले ण्य प्रत्यय भई नैप्य शब्द दुवै बन्छन् भन्ने रहेको छ र दुवै शब्दले नीप जनपदका राजा र नीप क्षत्रिय वा राजाका सन्तान दुवैलाई बुझाउँछन्। प्राज्ञ नेपालले यसको अन्यथा अर्थ गरेका छन्। नैप्य शब्दले संघका गणपतिलाई र नैप शब्दले चाहिं संघलाई बुझाउँछ[३१] भन्ने उनको कल्पना मनोविनोद मात्र हो। नैप शब्द बन्ने प्रक्रियामा पनि उनलाई भ्रम भएको छ। "द्वयच्मगध..." सूत्रको व्याख्याको प्रसंगमा आएको प्रस्तुत नैप शब्दको शैषिक अण् प्रत्ययसंग कुनै सरोकार छैन, तर उनले "द्वयच्मगध..." सूत्रले गर्ने अण् प्रत्ययलाई बिर्सी नैप शब्द शैषिक अण् भएर बन्ने कुरा लेखेका छन्।

यसरी नेपालद्वारा उपस्थापित महाभाष्यको माथिको प्रसंगबाट नीप जनपद, त्यहाँका बासिन्दा र राजा समेतको अस्तित्वको पुष्टि भएतापनि यसबाट नीप गणजातिको वा तिनको संघशासनको भने पुष्टि हुन सक्दैन भन्ने कुरा छर्लङ्ग हुन्छ। यसको सट्टा महाभारत, पातञ्जल महाभाष्य विभिन्न पुराण र रघुवंशमा समेत नीपवंश र नीपवंशी राजाहरूको उल्लेख भेटिएबाट नीप जनपदमा राजशासन नै थियो भन्ने देखिन्छ। यस विषयमा भविष्यमा विस्तृत चर्चा गरिने छ।

नीपहरूको पेशा पशुपालन-रोचक कल्पना

प्राज्ञ नेपाल नीपहरूलाई संघशासनका गणजाति मानेर मात्र सन्तुष्ट छैनन् र उनले नीपहरू पशुपालन पेशा भएका थिए भनी थप निष्कर्ष निकालेका छन् । परन्तु आफ्नो यस स्थापनालाई पुष्टि गर्ने प्रमाण भने उनीसित छैन। उनले लेखेका छन् –"आजभोलि पारकोट नामको एकथरि पहाडे भैंसी पाइएकोले पार नीपहरू पशुपालक थिए भन्ने बुझिन्छ[३२]" यो कस्तो तर्क हो ? के जर्मन जातको कुकुर र अरबी घोडा पाइन्छ भनेर सबै जर्मनलाई कुकुरपालक र सबै अरबलाई घोडापालक मान्ने ?

विद्वान् लेखकले यस सम्बन्धमा प्रस्तुत गरेको अर्को तर्क पनि यस्तै फितलो छ । उनले लेखेका छन् – "पशुपालन पेशा अपनाएका कृष्णका संघात्मक वृष्णिवंशीको आवास मानिएको मथुरा वृन्दावनका शासकका रूपमा प्रसिद्धि पाएका नीप पनि पशुपालन पेशा भएका नै थिए भन्ने स्पष्ट हुन आउँछ ।" [३३] कालिदासले रघुवंश काव्यमा एक ठाउँमा शूरसेन (मथुरा) का राजालाई नीपवंशी मानेका छन् ।[३४] यसैलाई आधार बनाई लेखकले माथिको निष्कर्ष निकालेका हुन् । तर यो सम्भव देखिदैन । कालिदासले रघुवंशको कथावस्तु अनुसार सुहाउँदो तथ्य उपस्थापित गर्ने क्रममा शूरसेनका नीपवंशी राजाको कल्पना गरेका छन् । परन्तु यस कुरालाई बिर्सी कविको कल्पनालाई सत्य मान्दा पनि नीपवंशी र वृष्णिवंशीका बीचमा धेरै लामो समयको अन्तराल पर्ने हुनाले वृष्णिवंशीमा लागू भएका कुरा नीपवंशीहरूमा लागू गर्न सकिदैन । अर्कातर्फ वृष्णिवंशीहरूले पशुपालन पेशा अपनाएका थिए भन्नु पनि गलत हो ।[३५] वृष्णिवंशीहरूको पेशा पशुपालन नै थियो भन्ने कुरालाई मानिदिने हो भने पनि वृष्णिवंशी र नीपवंशीहरूको पेशा एउटै कसरी मान्न सकिन्छ । के मथुरामा एकपटक पशुपालन पेशाका कोही बसेका थिए भन्दैमा त्यहाँ शासन वा बसोबास गर्ने अतीत, वर्तमान र भविष्यका सबैलाई पशुपालक मान्ने ?

उपर्युक्त सबै विवेचनबाट ज्ञानमणि नेपालद्वारा नीपहरूका विषयका प्रस्तुत गरिएका मान्यताहरू सही छैनन् र नीपहरूको पहिचानको प्रयासमा उनलाई सफलता मिल्न सकेको छैन भन्ने तथ्य स्पष्ट हुन्छ । यसरी फेरि एकपटक नीपहरूको पहिचानका लागि नयाँ प्रयासको आवश्यकता देखापरेको छ र निकट भविष्यमा पौराणिक नीपवंश र त्यससंग सम्बद्ध अन्य थप सामग्री प्रस्तुत गरी तिनका आधारमा नीपहरूको पहिचान गरिनेछ ।

पादटिप्पणी

१. आचार्य २०५६: ६७-७६

२. उद्धृत, मल्ल १९८३: ६५

३. लेभी, १९०५: II ६६

४. नेपाल १९८३: १७

५. पूर्ववत् १४ अनुच्छेद ३

६. शतं मत्स्या नृपतयः शतं नीपा शतं गयाः । महा.सभा. ८।२२

७. क) भृगवोऽजयंस्तालजङ्घान् नीपानङ्गिरसोऽजयन् । महा.अनु. ३४।१६

ख) हैहयानामुदावर्तो नीपानां जनमेजयः।
महा.उद्योग, ७२।१३

ग) नीपानूपानधिगतान् विविधान् द्वारवारितान् । महा.सभा. ५१।२४

८. ज्ञानमणि नेपाल (१९८३: १७, ४३ टिप्पणी १०१) ले मार्कण्डेयपुराण तथा बृहत्संहिताको **उद्धरण** लिदै "नीपलाई शक **खश** शूरसेन मथुरा (अशुद्ध) आदि गणजातिका साथमा राखेको पाइन्छ" भनेका छन्, तर उनले जनपदवाची शब्द बहुवचनमा प्रयोग गर्नुपर्ने व्याकरणगत नियम अनुसार यी उद्धरणमा **ती-ती शब्द बहुवचनमा आएका हुन् भन्ने तथ्य** बिर्सेका छन् र यहाँ देशको परिगणन गरिएको हो भन्ने तथ्यलाई सकार्दा सकार्दै पनि यी उद्धरणमा गणजातिको उल्लेख भएको कुरा लेख्न पुगेका छन् । वस्तुतः नेपाल गणजातिको धारणामा स्पष्ट छैनन् र गणको सामान्य धारणालाई पनि संघशासनसंग जोड्ने उनको प्रयास छ ।

९. **जनपदहरूको** परिगणन-महा.भीष्म. ९।३८-७०

नीप जनपदको उल्लेख-
मूषकाः स्तनबालाश्च सनीपा घटसृंजयाः ।
महा. भीष्म. ९।६३

१०. हेर्नुहोस्– लाहा १९७२:६९-७१

११. साल्व गण र त्यसका अवयव अन्य गणहरूको उल्लेख पाणिनिको अष्टाध्यायीमा परेको छ। हेर्नुहोस् पा.४।१।१७३
उदुम्बरास्तिलखला मद्रकारा युगन्धराः ।
भुलिङ्गाः शरदण्डाश्च साल्वावयवसंज्ञिताः ॥
काशिका; पा.४।१।१७३

१२. सर्वत्र ब्राह्मणः सन्ति सन्ति सर्वत्र क्षत्रियाः ।
वैश्याः शूद्रास्तथा कर्ण स्त्रियः साध्यश्च सुव्रताः ॥
महा.कर्ण. ४५।४२

१३. जनको ह वैदेहो बहुदक्षिणेन यज्ञेनेजे तत्र कुरू-पञ्चालानां ब्राह्मणा अभिसमेता बभूवुः ।
बृ.उ. ३।१।१

१४. ... विदर्भीकौण्डिन्याद्विदर्भी कौण्डिन्यः...
बृ. उ. २।६।३, ४।६।३

१५. अथ हैनं भुज्युर्लाह्यायनिः पप्रच्छ याज्ञवल्क्येति होवाच मद्रेषु चरकाः पर्यव्रजाम ते पतञ्चलस्य गृहानैम । बृ . उ. ३।३।१

१६. हेर्नुहोस्-लाहा १९७२:७९

१७. शनकैस्तु क्रियालोपादिमाः क्षत्रियजातयः ।
वृषलत्वं गता लोके ब्राह्मणादर्शने च ॥
पौण्ड्रकाश्चौड्रद्रविडाः काम्बोजा यवनाः शकाः ।
पारदाः पह्लवाश्चीनाः किराता दरदाः खशाः॥
मनु. १०।४३-४४

१८. व्रात्यात्तु जायते विप्रात् पापात्मा भूर्जकण्टकः ।
आवन्त्यवाटधानौ च पुष्पधः शैख एव च ॥
झल्लो मल्लश्च राजन्याद् व्रात्यान्निच्छिविरेव च ।
नटश्च करणश्चैव खसो द्रविड एव च ॥
वैश्यात्तु जायते व्रात्यात् सुधन्वाचार्य एव च ।
कारुषश्च विजन्मा च मैत्रः सात्वत एव च ॥...
सूतो वैदेहकश्चैव चण्डालश्च नराधमः ॥
मागधः क्षत्रजातिश्च तथाऽयोगव एव च ॥
एते षट् सदृशान्वर्णाञ्जनयन्ति **स्वयोनिषु** ।
मातृजात्यां **प्रसूयन्ते** प्रवरासु च योनिषु ॥
मनु. १०।२१-२३, २६-२७

१९. तत्र वै ब्राह्मणो भूत्वा ततो भवति क्षत्रियः ।
वैश्यः शूद्रश्च **वाहीकस्ततो** भवति नापितः ॥
नापितश्च ततो भूत्वा पुनर्भवति ब्राह्मणः ।
द्विजो भूत्वा च तत्रैव पुनर्दासोऽभिजायते ॥
भवन्त्येककुले **विप्राः** प्रसृष्टाः कामचारिणः ।...
एव विद्वान् धर्मकथासु राजंस्तूष्णीभूतो जडवच्छल्य भूयाः ।
त्वं तस्य गोप्ता च जनस्य राजा षड्भागहर्ता शुभदुष्कृतस्य ॥
महा. कर्ण. ४५।६-८, १७

२०. कारस्करान् माहिषकान् कुरण्डान् केरलांस्तथा ।
कर्कोटकान् वीरकांश्च दुर्धर्माश्च विवर्जयेत् ॥
प्रस्थला मद्रगान्धारा **आरट्टा** नामतः खशाः ।
वसातिसिन्धुसौवीरा इति प्रायोऽतिकुत्सिताः ॥
महा.कर्ण. ४४।४३, ४७

२१ सर्वत्र सन्ति राजानः स्वं स्वं धर्ममनुव्रताः ।
दुर्मनुष्यान् निगृह्णन्ति सन्ति सर्वत्र धार्मिकाः ॥
न कर्ण देशसामान्यात् सर्वः पापं निषेवते ।
यादृशाः स्वस्वभावेन देवा अपि न तादृशाः ॥
महा. कर्ण ४५।४५-४६

२२. व्रत शब्दबाट णिच् (पा. ३।१।१९) र घञ् (पा. ३।३।२१) प्रत्यय भई बन्ने व्रातशब्दबाट यत् प्रत्यय (पा. ४।४।९८) हुँदा व्रात्य शब्द बन्दछ। यसरी व्रात्यको सम्बन्ध निश्चित रूपमा व्रतसंग रहेका देखिन्छ। पञ्चविंश-ब्राह्मणमा व्रतको पालना गर्ने व्यक्तिको अर्थमा व्रात्य शब्द प्रयुक्त छ। (पञ्चविं. १८।७।१३) र **ऋग्वेदमा** यही अर्थमा व्रात्य शब्द आएको छ (ऋ. ८।४८।८)। अथर्ववेदको पन्ध्रौं काण्डमा आएको व्रात्य प्रशंसामा पनि यही वास्तविक अर्थलाई आत्मसात् गरिएको छ। अथर्ववेदको उक्त

प्रसंगबाट व्रात्यहरू घुमक्कड जीवन बिताउन रूचाउँथे र गहिरो विद्वत्ताले मानिसलाई प्रभावित पार्थे भन्ने अनुमान लगाउन सकिन्छ। यी प्रसंगहरूबाट प्रारम्भमा व्रात्यशब्द व्रतको पालना गर्ने व्यक्तिको अर्थमा प्रयुक्त भएको स्पष्ट हुन्छ। परन्तु व्रत-महाव्रतको मात्र पालना गरी वैदिक याज्ञिक कर्मकाण्डबाट टाढिदैं गएकाले यिनीहरूलाई हेर्ने अरूको दृष्टिकोण बदलिदै गएको भान हुन्छ। **पातञ्जलमहाभाष्यमा** (पा. ५।२।२१) "कुनै निश्चित पेशा नभएका भारी बोक्नेजस्ता शारीरिक श्रमको काम गरी जीविका चलाउने विभिन्न जातिका मानिसको समूह" लाई व्रात भनिएको छ। व्रात शब्दको यस व्याख्या अनुरूप उक्त प्रकारको समूहमा उपयुक्त हुने व्यक्तिलाई व्रात्य भन्न **सकिन्छ**। परन्तु धर्मशास्त्र तथा कोशग्रन्थमा संस्कारहीन व्यक्तिको अर्थमा यस शब्दको प्रयोग भएको छ। कात्यायन **श्रौतसूत्रमा** पनि यस्तै रूढ अर्थमा व्रात्य शब्दको प्रयोग भइसकेको भेटिन्छ। यसरी व्रात्य शब्दको विस्तारै अर्थसंकुचन एवं अर्थान्तरण भएको देखिन्छ। अतः मैले यहाँ चर्चा गर्न खोजेको प्रसंगको प्राचीनतालाई लक्ष्य गरी उक्त शब्दको प्रारम्भिक यौगिक अर्थलाई समातेको हुँ।

२३. मनुस्मृतिमा हिमालयदेखि विन्ध्यसम्म र बंगालको खाडीदेखि अरबको खाडीसम्मको क्षेत्रलाई आर्यावर्त भनिएको छ र जहाँ स्वाभाविक रूपमा कृष्णसार मृग चर्छ, त्यो देश यज्ञिय (आर्य) देश हो भनिएको छ। परन्तु आर्यावर्तभित्रकै देशहरूलाई पनि एकै दर्जामा राखिएको छैन। मनुस्मृतिको व्यवस्था अनुसार सरस्वती र दृषद्वती नदीको बीचको ब्रह्मावर्त देश अत्यन्त पवित्र क्षेत्र हो र यहाँ परम्परादेखि चलिआएको आचार नै सदाचार हो। यस्तै कुरूक्षेत्र, मत्स्य, पञ्चाल र शूरसेन यी चार जनपदको क्षेत्र ब्रह्मर्षिदेश हो, यो ब्रह्मावर्तभन्दा केही कम पवित्र छ, तर पनि ब्रह्मावर्त र ब्रह्मर्षि देशका ब्राह्मणहरूबाट सबैले आचार र चरित्रको शिक्षा लिनुपर्छ। मनुस्मृतिले हिमालयदेखि विन्ध्यसम्म र सरस्वती नदी लुप्त भएको क्षेत्रदेखि प्रयागसम्मको क्षेत्रलाई मध्यदेश भनेको छ भने प्रयागदेखि पूर्वतर्फको आर्यावर्तको थप क्षेत्रका बारेमा केही उल्लेख गरेका छैन। हेर्नुहोस्-मनु. २।१७-२३

२४. अथर्ववेदको पन्ध्रौं काण्डभरि नै व्रात्यको प्रशंसा गरिएको छ। यस क्रममा व्रात्यलाई देवप्रिय, महानुभाव, ब्राह्म र क्षात्र तेजको मूल तथा देवाधिदेव जस्ता विशेषण दिइएको छ। यसबाट व्रात्यहरूको तात्कालिक मान्यता र स्वीकार्यता स्पष्ट हुन्छ। टिप्पणीसंख्या २३ पनि हेर्नुहोस्।

२५. नेपाल १९८३: १६-१७, ४१-४२ टिप्पणी ९९

२६. एकश्चासौ राजा चेति क्षत्रिय एकराजः। तेनैकक्षत्रियवाचिन एवं प्रत्ययो न तु बहुत्वसंख्या-युक्तक्षत्रियवाचिन इत्यर्थः। यथैवैकः क्षत्रियः पञ्चालस्तथैव बहवः क्षत्रियाः पञ्चाला इति प्रत्ययप्रसंगे वचनमिदम्। प्रदीप; पतञ्जलि; पा. ४।१।१६८

२७. ज्ञानमणि नेपाल (१९८३:४१-४२, टिप्पणी ९९) ले महाभाष्यको उद्धरण लिंदा अपूरो पारेका छन्। यसले गर्दा अस्पष्टता र भ्रम बढेको छ। अतः यस्तो नहोस् भन्ने ध्येयले यहाँ सम्बद्ध वार्तिकको नेपालद्वारा उद्धृत पूर्वपक्षभाष्य सहित बाँकी समाधानभाष्य पनि उपस्थित गरिएको छ।

(पूर्वपक्षभाष्य)जनपदशब्दात् क्षत्रियादञ् (पा. ४।१।१६८) क्षत्रियादेकराजात् सङ्घप्रतिषेधार्थम्, (वार्तिक) क्षत्रियादेकराजादिति वक्तव्यम्। किं प्रयोजनम्? संघप्रतिषेधार्थम्। संघान्मा भूत्-
पञ्चालानामपत्यम्, विदेहानामपत्यमिति। तत्तर्हि वक्तव्यम्॥

(समाधानभाष्य) न वक्तव्यम्। न ह्यन्तरेण बहुषु लुकं पञ्चाला इत्येतद् भवति। यस्तस्मादुत्पद्यते युवप्रत्ययः स स्यात्। युवप्रत्ययश्चेत्तस्य लुक्,

तस्मिंश्चालुग् भविष्यति ।...

२८. संघान्मा भूत्- पञ्चालानामपत्यम्, विदेहानामपत्यमिति । पतञ्जलि; पा. ४।१।१६८

यसै लेखको टिप्पणी ५९ मा उद्धृत प्रदीपव्याख्याको सम्बद्ध अंशबाट पनि वार्तिकमा आएको 'संघ' शब्दको अभिप्रेत अर्थ बहुत्व नै हो भन्ने झल्किन्छ ।

२९. जनपदशब्दात् क्षत्रियाभिधायिनो द्वयचः, मगध-कलिङ्ग-सूरमस-इत्येतेभ्यश्चापत्येऽण् प्रत्ययो भवति । काशिका; पा. ४।१।१७०

३०. पतञ्जलि; पा. ४।१।१७०

३१. नेपाल १९८३: १७, पंक्ति ४-५

३२. पूर्ववत् १४, पंक्ति ३-५

३३. पूर्ववत् १७, पंक्ति १५-१७

३४. सा शूरसेनाधिपतिं सुषेणमुद्दिश्य लोकान्तर-गीतकीर्तिम् ।
आचारशुद्धोभयवंशदीपं शुद्धान्तरक्ष्या जगदे कुमारी ॥
नीपान्वयः पार्थिव एष यज्वा... रघु. ६।४५-४६

३५. वृष्णिवंशी श्रीकृष्णसंग जोडिएका पशुपालन सम्बन्धी सबै पौराणिक प्रसंग गोकुलका हुन् र गोकुलमा श्रीकृष्णको पालनपोषण गोपहरूले गरेका हुन् । गोकुलका गोपहरू वृष्णिवंशी होइनन्, अतः गोपहरूसंग्र गोकुल वृन्दावनमा कृष्णले पशु चराएका थिए भनेर मथुराका वृष्णिवंशीहरूलाई पशुपालक मान्न सम्भव छैन ।

सन्दर्भ

आचार्य, दिवाकर — 'नेपाल शब्दको व्युत्पत्तिका सम्बन्धमा' गरिमा, सम्पादक-गोपाल पराजुली, वर्ष १७, अंक ७ (२०५६ असार), पृ. ६७-७६ ।

उद्योत — हेर्नुहोस्-पतञ्जलि

काशिका — काशिकावृत्ति, न्यास र पदमञ्जरी टीका सहित, सम्पादक-कालिका प्रसाद शुक्ल र द्वारिकादास शास्त्री, भाग १-६, वाराणसीः सुधी प्रकाशन, १९८३-८५

नेपाल, ज्ञानमणि — नेपालनिरुक्त, काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०४० (ई. १९८३) ।

पञ्चविं. — पञ्चविंशब्राह्मण, रोथ एण्ड वोट्लिंकको संस्कृत वर्टरबुख्मा उद्धृत भए अनुसार ।

पतञ्जलि — व्याकरण महाभाष्य, प्रदीप र उद्योतटीका सहित, खण्ड ४, वाराणसीः चौखम्बा संस्कृत प्रकाशन १९८८ ।

पा. — पाणिनि, अष्टाध्यायी, सम्पादक-गोपाल शास्त्री दर्शनकेसरी, तृतीय संस्करण, वाराणसीः चौखम्बा सुरभारती, १९८७ ।

प्रदीप — हेर्नुहोस् -पतञ्जलि ।

बृ.उ. — बृहदारण्यक-उपनिषद्, शांकर-भाष्य र टीकाहरू सहित, उपनिषद्भाष्य खण्ड ३, सम्पादक-एस् सुब्रह्मय शास्त्री, वाराणसीः महेश अनुसन्धान संस्थान, १९८६

मनु. — मनुस्मृति, कुल्लुकभट्टकृत टीका सहित, सम्पादक-गोपाल शास्त्री नेने, बनारसः चौखम्बा संस्कृत सिरीज् अफिस १९३५ ।

मल्ल, कमलप्रकाश, लिङ्ग्विस्टिक् आर्कियोलोजी अफ् दि नेपाल भ्याली : अ प्रिलिमिनरी रिपोर्ट, कैलास, वर्ष ८, अंक १-२, १९८१ पृ. ५-२३ ।

रिभर नेम्स् अफ् दि नेपाल भ्यालीः अस्टडी इन् कल्चरल् एनेक्सेसन्, कन्ट्रिव्युसन् टु नेपालीज् स्टडीज् , वर्ष ९, अंक १-२, १९८३ पृ. ५७-६८

नेपालः आर्कियोलोजी अफ् दि वर्ड् हेरिटेज् प्रिजर्भेसन्: टुरिज्म फर् टुमरो, काठमाण्डुः पाटा नेपालच्याप्टर एण्ड नेपाल हेरिटेज सोसाइटी १९८३ क

महा. — महाभारत, गीताप्रेस संस्करण ।

अनुशासनपर्व (अनु.), उद्योगपर्व (उद्योग.) कर्णपर्व (कर्ण.), भीष्मपर्व (भीष्म.) र सभापर्व (सभा.) समाविष्ट भएका खण्डहरू ।

रघु. रघुवंश-महाकाव्य, मल्लिनाथी टीकासहित, सम्पादक- वासुदेवलक्ष्मण शास्त्री, बनारसः मोतिलाल बनारसीदास, १९७१ ।

लाहा, विमलचरण प्राचीन भारतका ऐतिहासिक भूगोल (अनुवाद), अनुवादक- राम कृष्ण द्विवेदि, लखनऊः उत्तर प्रदेश हिंदी ग्रन्थ अकादमी, १९७२

लेभी, सिल्वां ले नेपाल, भाग १-२, पेरिसः एर्नेस्ट लेरोक्स, १९०५

पुरातत्त्व विभागको गतिविधि (आ. व. ०५६/५७)

–शोभा श्रेष्ठ

नेपाली संस्कृतिको निधिको रुपमा रहेका हाम्रा ऐतिहासिक तथा धार्मिक स्मारकहरू पुरातात्त्विक स्थलहरु, कलात्मक तथा ऐतिहासिक वस्तुहरू, धार्मिक नाच तथा जात्रा रितिरिवाज तथा पर्वहरू सबैको संरक्षण गर्नु आजको चिन्तनको विषय हो । नेपालको भौतिक तथा सांस्कृतिक सम्पदाको रूपमा देखिने वास्तुकला, मूर्तिकला ऐतिहासिक तथा पुरातात्त्विक वस्तुहरू, स्मारक, घर भवनहरू तथा अभिलेखहरूले तत्कालीन जीवन शैली तथा संस्कृतिको अभिव्यक्त गर्दछ ।

यस प्रकारका वस्तुहरू नेपाल अधिराज्यभरि छरिएर रहेका छन् र यी सम्पदाहरूको संरक्षण गर्नु हामी सबैको जिम्मेवारी हो तापनि श्री ५ को सरकार पुरातत्त्व विभागलाई यस सन्दर्भमा एउटा जिम्मेवार निकाय तोकेको हुँदा यस विभागले विशेष ध्यान दिनु परेको छ । पुरातत्त्व विभागको मुख्य उद्देश्य अधिराज्यभरि छरिएर रहेका सांस्कृतिक सम्पदाहरूको सर्भेक्षण तथा संरक्षण गर्नुका साथै पुरातात्त्विक स्थल प्राचीन भग्नावशेष र ऐतिहासिक थलोहरूको अन्वेषण, उत्खनन्, विश्लेषण र संरक्षण गरी प्रदर्शन गर्नुका साथै सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्नु समेत रहेको छ । खासगरी प्राचीन स्मारकहरू (मठ, मन्दिर, पाटी पौवा, शिवालय, देवालय, सत्तल चपा र द्योछें) को संचालन तथा संरक्षण गर्ने विभिन्न निकायहरु र खास गरी गुठी संस्थान, निजि गुठी र दाताहरूको दायित्त्व भए तापनि यी निकायहरू निस्कृय र उदाशीन हुनुका साथै आफ्नो दायित्त्वबाट अलगिदै जाने परम्पराको शुरूवात हुन थालेकोले अधिराज्यको पचहत्तरै जिल्लामा रहेका स्मारकहरूको संरक्षण, सम्वर्द्धन गर्ने सम्पूर्ण दायित्त्व पुरातत्त्व विभागको हुन थालेको छ ।

श्री ५ को सरकारको विकास योजनामा पुरातत्त्व विभागले गर्नु पर्ने कार्य क्षेत्रहरूका लागि ज्यादै सीमित मात्रामा बजेट विनियोजित हुने हुँदा कार्य क्षेत्रको तुलनामा लगानी रकम ज्यादै कम भएकोले रकम र कार्यमा सामञ्जस्य स्थापित गर्न विभागले धेरै कठिनाइहरू भोग्नु परेको छ । तर पनि प्राप्त सीमित श्रोत र साधनबाट सकेसम्म बढी से बढी कामहरू संचालन गर्ने तर्फ पुरातत्त्व विभागको कोशिस रहेको छ ।

यता केही वर्षदेखि सांस्कृतिक सम्पदा संरक्षण कार्यमा लगानी रकमको अनुपातमा केही वृद्धि हुँदै गएको छ तर पनि विगत चार वर्षको विकास तर्फको राष्ट्रिय वार्षिक बजेट र त्यसमध्ये यस विभागबाट अधिराज्यका

पचहत्तर जिल्लामा संचालित विकास कार्यक्रमहरूको लागि विनियोजित रकमलाई तुलनात्मक अध्ययन गर्दा निम्न तालिकाबाट राष्ट्रको वार्षिक विकास बजेटको के कति प्रतिशत रकम यस क्षेत्रमा लगानी भएको छ प्रष्ट हुनेछ ।

आ. व.	विकास तर्फको राष्ट्रिय बजेट (रू. हजारमा)	यस विभागको विकास बजेट (रू. हजारमा)	राष्ट्रिय विकास बजेटको अनुपातमा विभागको विकास बजेटको प्रतिशत
२०५४/०५५	३,४०,३८,८४८	५७,२८०	०.१६८%
२०५५/०५६	३,७७,४१,१५३	५४,७४०	०.१४५%
२०५६/०५७	४,१८,५१,८९४	४६,२२५	०.११०४५%
२०५७/०५८	४,८१,०८,५८९	४९,५००	०.१०२८९%

यस विभागबाट संचालित विभिन्न विकास आयोजना/ परियोजनाहरू मार्फत प्रत्येक वर्ष राष्ट्रले गरेको लगानी रकमबाट विभिन्न जिल्लाहरूमा गरिएका कामहरू बारेमा सर्वसाधारण सबैमा जानकारी गराउने उद्देश्यले यस विभागले आफ्नो मुखपत्र प्राचीन नेपालमा एक आर्थिक वर्ष भित्र भए गरेका कामको विवरण प्रकाशन गर्दै लैजाने नीति अनुरूप यस अंकमा आर्थिक वर्ष ०५६/०५७ को विकास कार्यहरुको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ । यस विभाग अन्तर्गत विभिन्न ६ आयोजना/परियोजनाहरू संचालित छन् । प्रत्येक आयोजना/परियोजनाहरूबाट भएका कामहरुको विवरण निम्न अनुसार रहेको छ ।

१. पुरातात्त्विक स्थल संरक्षण तथा सुधार आयोजनाः-

यस आयोजना अन्तर्गत पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका स्मारकहरूको संरक्षण, पुरातात्त्विक स्थलको उत्खनन्, अन्वेषण, यस विभाग अन्तर्गत रहेको आठवटा संग्रहालयहरू, ६ वटा दरवारहरू, राष्ट्रिय अभिलेखालय, केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशालाहरूको विकास कार्यहरू पर्दछन् । साथै जन-सहभागितामा संचालित कार्यहरूलाई प्रोत्साहन गर्न दिइने आर्थिक सहयोगको कार्य पनि यसैभित्र पर्दछन् । साथै भारतको बनारसमा रहेको एक मात्र नेपाली मन्दिरको जीर्णोद्धार कार्य पनि यसै आयोजना अन्तर्गत संचालन गरिएको छ । यस आयोजनाबाट आ.व. ०५६/०५७ मा भएका कामहरू निम्न अनुसार रहेका छन् ।

(क) पूर्वाञ्चल

कामको विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण	प्रगति परिमाण	कैफियत
१. धनकुटा स्थित क्षेत्रीय संग्रहालयमा हाता पर्खाल निर्माण	६००	१००%	१००%	
२. संग्रहालयको पालेघर निर्माण	७५	१००%	१००%	

(ख) मध्यमाञ्चल

कामको विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण	प्रगति परिमाण	कैफियत
१. राष्ट्रिय संग्रहालयको लागि अग्नि नियन्त्रण उपकरण खरीद	१००	१००%	१००%	
२. राष्ट्रिय संग्रहालयमा फिलाटेलिक कक्ष तयार गरी खोल्ने	४८०	१००%	१००%	
३. काष्ठमण्डप जीर्णोद्धार कार्य सम्पन्न गर्ने	२,१००	१००%	१००%	
४. भक्तपुर स्थित पुजारी मठको एक पाखा छाना मर्मत गर्ने	८००	१००%	१००%	
५. भक्तपुर स्थित कला संग्रहालयको कौशी मर्मत गर्ने	६००	१००%	१००%	
६. राष्ट्रिय अभिलेखालयको माइक्रोफिल्म भवनको छाना मर्मत	१५६	१००%	१००%	
७. संकलित अभिलेखहरू मध्ये १० वटा वट्टाको ऐतिहासिक कागजहरूको सूची तयार गरी प्रकाशन गर्ने	१००	१००%	१००%	
८. राष्ट्रिय मुद्रा संग्रहालयको लागि नोट तथा मुद्रा खरीद गर्ने	५०	१००%	१००%	
९. मुद्रा संग्रहालयको प्रदर्शन कक्षमा सचित्र नक्सा बनाउने	७५	१००%	१००%	
१०. सांस्कृतिक सम्पदा प्रवर्द्धन गर्ने खालका भित्ते पात्रो तयार गर्ने	७०	१००%	१००%	
११. साधारण तथा आकस्मिक जीर्णोद्धार कार्यको फोटो लगत राख्ने	२००	१००%	१००%	
१२. संरक्षित स्मारक क्षेत्र बौद्ध र चांगुमा प्रस्तर सिमाना राख्ने	५०	१००%	१००%	
१३. संरक्षित स्मारक क्षेत्र भित्रका स्मारकहरूको वर्गीकरण गर्ने आदि प्रयोजनको लागि स्मारकहरूको विवरण तथा अभिलेख अद्यावधिक गर्ने	२५०	१००%	१००%	
१४. विश्व सम्पदा सूचीमा समावेश क्षेत्रहरूको प्रचार प्रसार तथा जनचेतना जगाउने कार्यक्रम संचालन गर्ने	१००	१००%	१००%	

कामको विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण	प्रगति परिमाण	कैफियत
१५. संरक्षित स्मारक क्षेत्रमा मापदण्ड अनुसार घर निर्माण गर्ने निजी घर धनीहरूलाई १० प्रतिशत रकम सहुलियत दिने	१७७५			हनुमान ढोका दरवार क्षेत्रका जोशी आगम छें ले मात्र रकम माग गरेको बाँकी रकम बाट कार्यक्रम संशोधन गरी नुवाकोट स्थित गारद घरको जीर्णोद्धार कार्य शुरू गरेको ।
१६. संरक्षित स्मारक क्षेत्र चाँगु स्थित सरस्वती मन्दिर जीर्णोद्धार	५००	१००%	१००%	
१७. नुवाकोट तलेजू मन्दिरको भ्याल ढोका मर्मत गरी सम्पूर्ण जीर्णोद्धार कार्य सम्पन्न गर्ने	३००	१००%	१००%	
१८. देवीघाट स्थित पृथ्वी प्रतिमा स्थलमा बत्ती मर्मत तथा वातावरण सुधार	७५	१००%	१००%	
१९. हनुमानढोका स्थित महाविष्णु मन्दिरको जीर्णोद्धार कार्य शुरू गर्ने	१०००	१००%	१००%	
२०. केन्द्रिय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशालाको उत्तर तर्फको छाना मर्मत गर्ने	६५०	१००%	१००%	
२१. नुवाकोट स्थित सात तले दरवारमा रसायन संरक्षण गर्ने	१७५	१००%	१००%	
२२. राष्ट्रिय संग्रहालय र कला संग्रहालय भक्तपुरको गरी ४० थान पौवाको रसायन संरक्षण गर्ने	१००	१००%	१००%	
२३. प्रयोगशाला विकासको लागि रसायन र औजार खरीद गर्ने	२००	१००%	१००%	

(ग) पश्चिमाञ्चल

कामको विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण	प्रगति परिमाण	कैफियत
१. रामग्रामको उत्खनन् जारी राख्ने	३५०	१००%	१००%	
२. नुवाकोट गढीको नक्सा सहित प्रतिवेदन तयार गर्ने	५०	१००%	१००%	

३. लमजुंग दरवारमा खानेपानी र शौचालयको काम पूरा गर्ने	३२०	१००%	१००%
४. क्षेत्रिय संग्रहालय पोखराको हाता पर्खालको बाँकी काम पूरा गर्ने	१०००	१००%	१००%
५. पुरानो र नयाँ प्रदर्शन कक्ष जोड्ने सेड बनाउने	३००	१००%	१००%
६. नयाँ प्रदर्शन कक्षमा आवश्यक व्यवस्था गरी प्रदर्शन कक्ष खोल्ने	१००	१००%	१००%
७. देवदह क्षेत्रको अध्ययन सर्भेक्षण गरी सुरक्षाको लागि तारवार लगाउने	१००	१००%	१००%
८. कपिलवस्तु संग्रहालयको जग्गामा अतिक्रमण रोक्न हाता पर्खाल लगाउने	५८०	१००%	१००%
९. कार्यालय भवनमा रंगरोगन तथा संग्रहालय भवनको छाना मर्मत गर्ने	२००	१००%	१००%

(घ) मध्यपश्चिमाञ्चल

कामको विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण	प्रगति परिमाण	कैफियत
१. सुर्खेत संग्रहालयको आवश्यक व्यवस्था गरी सर्वसाधारणको लागि खुला गर्ने	२००	१००%	१००%	
साम्राज्येश्वर महादेव मन्दिरको जीर्णोद्धार	१४५०	१००%	१००%	यो मन्दिर भारतको बनारसमा रहेको छ।

पुरातात्त्विक स्थल संरक्षण तथा सुधार आयोजनामा अधिराज्यभरि रहेका स्मारकहरूको अपर्झट आइपर्ने आपत्कालीन काम गर्न समेत रकम व्यवस्था भएको छ। आ.व. ०५६/५७ मा आपत्कालीन संरक्षण अन्तर्गत निम्न अनुसार को कामहरू भएका छन्।

३. लमजुंग दरवारमा खानेपानी र शौचालयको काम पूरा गर्ने	३२०	१००%	१००%
४. क्षेत्रिय संग्रहालय पोखराको हाता पर्खालको बाँकी काम पूरा गर्ने	१०००	१००%	१००%
५. पुरानो र नयाँ प्रदर्शन कक्ष जोड्ने सेड बनाउने	३००	१००%	१००%
६. नयाँ प्रदर्शन कक्षमा आवश्यक व्यवस्था गरी प्रदर्शन कक्ष खोल्ने	१००	१००%	१००%
७. देवदह क्षेत्रको अध्ययन सर्भेक्षण गरी सुरक्षाको लागि तारवार लगाउने	१००	१००%	१००%
८. कपिलवस्तु संग्रहालयको जग्गामा अतिक्रमण रोक्न हाता पर्खाल लगाउने	५८०	१००%	१००%
९. कार्यालय भवनमा रंगरोगन तथा संग्रहालय भवनको छाना मर्मत गर्ने	२००	१००%	१००%

(घ) मध्यपश्चिमाञ्चल

कामको विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण	प्रगति परिमाण	कैफियत
१. सुर्खेत संग्रहालयको आवश्यक व्यवस्था गरी सर्वसाधारणको लागि खुला गर्ने	२००	१००%	१००%	
साम्राज्येश्वर महादेव मन्दिरको जीर्णोद्धार	१४५०	१००%	१००%	यो मन्दिर भारतको बनारसमा रहेको छ।

पुरातात्त्विक स्थल संरक्षण तथा सुधार आयोजनामा अधिराज्यभरि रहेका स्मारकहरूको अपर्झट आइपर्ने आपत्कालीन काम गर्न समेत रकम व्यवस्था भएको छ। आ.व. ०५६/५७ मा आपत्कालीन संरक्षण अन्तर्गत निम्न अनुसार को कामहरू भएका छन्।

आपत्कालिन संरक्षण कामहरू	१७१९	१००%	१००%	कैफियत
१. इटाखेल गा.वि.स. किसीपीडी स्थित कालीका मन्दिरको जीर्णोद्धार				यस मन्दिरको जीर्णोद्धार कार्य ५० प्रतिशत काम जन सहभागितामा भएको ।
२. वागदरवार स्थित भीम भक्तेश्वर मन्दिरको जीर्णोद्धार कार्य सम्पन्न				भीमसेन प्रतिष्ठान को पनि सहभागिता रहेको ।
३. चांगु नारायण क्षेत्रमा रहेको चण्डी भैरव मन्दिर जीर्णोद्धार				५०% स्थानीय जन सहभागिता रहेको ।
४. मध्यपुर थिमि नगरपालिकामा रहेको नगदेश स्थित सिद्धि गणेश द्योछें				उपभोक्ता समितिलाई रकम उपलब्ध गराई दिएकोमा सामग्री मात्र संकलन गरिएको ।
५. का.म.न.पा. वडा नं. १२ मा रहेको बाह्र वर्षे इनार जीर्णोद्धार				५० प्रतिशत स्थानीय जन सहभागिता रहेको ।
६. भक्तपुर भौखेल स्थित ज्योर्तिलिंगेश्वर जीर्णोद्धार				आवश्यक ईंटा उपभोक्ता समितिबाट प्राप्त भएको ।
७. नवलपरासी स्थित रामग्रामको सुरक्षाको लागि तारबार लगाएको				रामग्राम नगरपालिकाबाट काम भएको ।
८. सोमलिंगेश्वर मन्दिर चांगुको रसायन संरक्षण गरेको				
९. सुर्खेत संग्रहालयको आवश्यक मर्मत संभार गरिएको				संग्रहालय खोल्न आवश्यक थप कार्य गरिएको ।

२. गोरखा दरबार क्षेत्र संरक्षण परियोजना

कामको विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण	प्रगति परिमाण	कैफियत
१. प्रतिमा स्थल भ्यू पाटी, सूचना केन्द्र वरपर गर्‍हा सुधार र बाटो बनाउने	८००	१००%	१००%	
२. पृथ्वी पार्कमा विद्युतीकरण	१२५०	१००%	१००%	
३. पानीको पाइप लाइन जोड्ने	१८०	१००%	१००%	
४. प्रतिमा स्थल वरपर फूल बिरूवा लगाउने चौर बनाउने र स्याहार संभार गर्ने	५००	१००%	१००%	
५. आवश्यक व्यवस्था मिलाई संग्रहालय खोल्ने	४००	१००%	१००%	कार्यक्रम संशोधन भई माथिल्लो दरबारको मर्मत संभार गरिएको ।
६. पोखरी थोकको सोह्र खुट्टे पाटी, गणेश मन्दिर र विरेन चोकको विरमकाली मन्दिरको मर्मत संभार गर्ने	५००	१००%	१००%	
७. गोरखा दरवारको हेलीप्याड पूर्वको रिटेनिंग वाल बनाउने	१६०	१००%	१००%	
८. दिव्य उपदेश डबलीको बाँकी काम सम्पन्न गर्ने	१५०	१००%	१००%	
९. ढुंगरे भगवती मन्दिर जीर्णोद्धार गर्ने	२००	१००%	१००%	

३. स्वयम्भू क्षेत्र संरक्षण योजना

कामको विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण	प्रगति परिमाण	कैफियत
१. स्वयम्भू चैत्यको जीर्णोद्धार गरी मोटर पार्कदेखि आनन्दकुटी विहारसम्मको बाटोको काम गर्ने	१२४७	१००%	१००%	
२. सव्यगु विहार जीर्णोद्धार गर्ने	१५००	१००%	१००%	पूजारी र स्वयम्भू महासमितिको पनि सहभागिता रहेको
३. आपतकालीन संरक्षण अन्तर्गत शान्तिपुरको भित्तेचित्र संरक्षण गर्न काठको छेकवार लगाएको	५३	१००%	१००%	

४. स्मारक संरक्षण तथा हेरचाह कार्यालय, भक्तपुर

कामको विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण	प्रगति परिमाण	कैफियत
१. भक्तपुर दरवार क्षेत्रमा रहेको कृष्ण मन्दिरको जीर्णोद्धार	११००	१००%	१००%	
२. भक्तपुर नगरपालिका वागेश्वरी गा.वि.स. स्थित तीनमुखे शिवलिङ्ग मन्दिर निर्माण	३५०	१००%	१००%	
३. गणेश मन्दिर जीर्णोद्धार र दुगुमाला चैत्यको वातावरण सुधार तथा पाँचतले मन्दिरको कुतुवाहरूको रसायनिक संरक्षण	२५०	१००%	१००%	
४. भक्तपुर स्मारक क्षेत्रको गुरूयोजना तयार गर्न भ.न.पा.लाई रकम उपलब्ध गराएको	१००	१००%	१००%	विभागबाट ४०% रकमको सहयोग उपलब्ध गराउने वापतको रकम

५. काठमाडौं उपत्यका सांस्कृतिक सम्पदा संरक्षण गुरूयोजना

कामको विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण	प्रगति परिमाण	कैफियत
१. ललितपुर दरवार क्षेत्रमा रहेको भीमसेन मन्दिर जीर्णोद्धार	७१५	१००%	१००%	
२. आयु गुठी सत्तलको मुआब्जा रकम दिने	४००	१००%	१००%	जिल्ला प्रशासन कार्यालय मार्फत रकम वितरणको कारवाही भइरहेको तर घरधनीहरूमा विवाद भई रकम वितरण हुन ढिला भएको ।
३. आपत्कालीन कार्य अन्तर्गत इखालखुको शिव मन्दिर, दरवार स्क्वायरको सोऱ्हखुट्टे पाटीको पेटी, नः टोलको गणेश मन्दिर, मूलचोकको छाना तथा कार्नेस मर्मत	३८५	१००%	१००%	

६. काभ्रे एकीकृत आयोजना

सामाजिक क्षेत्रको कार्यक्रम	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण	प्रगति परिमाण	कैफियत
१. नाला स्थित करूणामय मन्दिर जीर्णोद्धार	१२७३	१००%	१००%	
२. पनौती स्थित नर्सिंह मठको जीर्णोद्धार	१९३०	१००%	१००%	
३. पनौती स्थित भगवती मन्दिरको जीर्णोद्धार	१३७८	१००%	१००%	
४. वनेपामा बाटोमा ढुंगा छाप्ने	१३८२	१००%	१००%	
५. चक्रज्योति स्कूल भवन निर्माण	१३२७	१००%	१००%	

कृषि क्षेत्रको कार्यक्रम	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण	प्रगति परिमाण	कैफियत
१. पाँच गा.वि.स.हरुमा मौरी पालन कार्यक्रम	४७७७	१००%	१००%	
२. ६ गा.वि.स.मा बाखा पालन कार्यक्रम	५७६०	१००%	१००%	
३. बनेपामा नमुना कृषि कार्यक्रम	५१४१	१००%	१००%	

माथि उल्लेख गरिएका विकास कार्यक्रमहरू बाहेक यस विभागबाट भएका अन्य महत्त्वपूर्ण गतिविधिहरू निम्न अनुसार रहेका छन्। प्राचीनकालदेखि काठमाडौं उपत्यकामा प्रचलनमा रहेका विभिन्न नृत्य तथा जात्रा पर्वहरू निरन्तर रूपमा चलिरहोस् भन्ने उद्देश्यले पुरातत्त्व विभागले यी नाच तथा जात्रा पर्वहरूलाई वार्षिक रूपमा आर्थिक अनुदान दिने गरेको छ। न्यून रूपमा दिने गरेको अनुदान रकममा २०५३ सालमा मन्त्रिपरिषद्को निर्णयबाट पाइरहेको अनुदान रकममा पचास प्रतिशत वृद्धि गरिएको र प्रत्येक दुई वर्षमा सो रकममा दश प्रतिशतले वृद्धि गर्ने गरिएको छ। साथै नाचको प्रकृति, कलाकारको संख्या र औचित्य हेरी प्रत्येक पाँच वर्षमा नाचको लुगा फेर्नको लागि एक मुष्ट रकम दिने निर्णय भएको छ। आ.व. ०५६/५७ मा निम्न नाच तथा जात्राहरूलाई निम्न अनुसारको आर्थिक अनुदान उपलब्ध गराइएको थियो।

क) नाचहरू

१. भक्तपुरको ६ थरी महाकाली नाचहरू
   - क) लोहला समूहको लागि रू.६,६०० ।-
   - ख) फैजु समूहको लागि रू.६,६०० ।-
   - ग) मुस्याजु समूहका लागि रू.६,६०० ।
   - घ) खर्वुजा समूहको लागि रू.६,६०० ।-
   - ङ) डण्डेख्या समूहको लागि रू.६,६०० ।-
   - च) दैवज्ञ समूहको लागि रू.८,८०० ।-

२. भक्तपुरको रामचन्द्र नाचको लागि रू. ६,६०० ।-

३. लाखेनाच, मजिपाट रू.५,५०० ।-

४. सवभक्कु नाच, हल्चोक रू.५,५०० ।-

५. गाउने ठाडी, यटखा रू.१,६०० ।-

६. दैत्यनाच, जोरगणेश	रू. ६,६०० ।-	
७. हात्तीनाच, किलागल	रू. २,७५० ।-	
८. अष्टमातृका नाच, ललितपुर	रू. २५,००० ।-	
९. कात्तिकनाच, ललितपुर	रू. ३४,१०० ।-	
१०. दश अवतार नाच, त्रिपुरेश्वर	रू.९,९०० ।-	
११. दश अवतार नाच, त्रिपुरेश्वर	रू. १०,००० ।-	मन्त्रालयबाट निर्णय गराई दिने पटके अनुदान
१२.कार्त्तिकनाच, फर्पिङ	रू.१५,०००।-	" "

ख)जात्राहरू

१. सिंजात्रा मतया, ललितपुर	रू.१६,५०० ।-	
२. माघजात्रा, वटु टोल	**रू.४,००० ।-**	
३. भीमसेनजात्रा, ललितपुर	रू.३,३०० ।-	
४. श्री कृष्णपूजा, ललितपुर	रू.३,३०० ।-	
५. निरञ्जना भगवती जात्रा, नुवाकोट	रू. ६,००० ।-	मन्त्रालयबाट निर्णय गराई दिइने पटके अनुदान

पुरातत्त्व विभागले आर्थिक वर्ष ०५६/५७ मा विभिन्न किसिमका ६६०८६५ थान हस्तकलाका सामानहरू जाँच गरी निर्यात गर्नको लागि जाँच पास प्रमाणपत्र दिइएको थियो ।

प्राविधिक सहयोग

पुरातत्त्व विभागले नगरपालिकाहरू, वडा कार्यालयहरू, संघ संस्था, स्थानीय निकाय तथा व्यक्ति र दाताहरूबाट गरिने स्मारहरूको जीर्णोद्धार कार्यमा आर्थिक अनुदानको साथै प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ । आ.व. ०५६/५७ मा निम्न कार्यहरूको प्राविधिक प्रतिवेदन तयार गर्नुका साथै स्थलगत निरीक्षण गरी आवश्यक प्राविधिक राय र सुझाव उपलब्ध गराएको थियो ।

१. पलान्चोक भगवती मन्दिरको जीर्णोद्धार तथा त्यस परिसरमा रहेको पाटीहरूको मर्मत गर्न आवश्यक पुरातात्त्विक प्रतिवेदन तयार गरी गुठी संस्थानलाई उपलब्ध गराई दिएको ।

२. भक्तपुर नगरपालिका कटुन्जे गा.वि.स. वडा नं. ८ मा रहेको प्राचीन ढुंगेधाराको पानीको सम्बन्धमा प्रतिवेदन तयार गरी आवास तथा भौतिक योजना मन्त्रालयलाई उपलब्ध गराई दिएको ।

३. जिल्ला प्रशासन कार्यालय अछामको सिफारीशमा अछाम जिल्लाको वरगाला गा.वि.स. वडा नं. ७ मा रहेको श्री मालिका देवी मन्दिरको जीर्णोद्धार कार्य गर्न कार्यक्रममा प्रस्तावित गरिएको ।

४. समाज सेवी टंकेश्वर सुवेदीको अनुरोधमा रूपन्देही रूद्रपुर गा.वि.स. वार्ड नं. ७ हटैयामा रहेको शिवलिंगको स्थलगत निरीक्षण गरी प्रतिवेदन तयार गराई दिएको ।

५. चित्लांग गा.वि.स. वडा नं. ५ बस्ने सन्जय बलामी समेतको अनुरोधमा मकवानपुर जिल्ला चित्लांग गा.वि.स. वडा नं. ५ मा रहेको लिच्छविकालिन अभिलेख संरक्षणको लागि स्थलगत निरीक्षण गरी प्रतिवेदन तयार गरिएको । साथै उक्त अभिलेख संरक्षण गर्न आ.व. ०५७/५८ को कार्यक्रममा समावेश **गरिएको** ।

६. सडक विभाग डिजाइन महाशाखाको अनुरोधमा लेखनाथ मार्गको सामाजिक सेवा समन्वय परिषद पट्टी रहेको देवस्थलको प्रतिवेदन तयार गरी उपलब्ध गराई दिएको ।

७. ने.वि.सं. सभापति नैनसिंह महर, भागेश्वर वडा नं. ९ का सदस्यबाट उक्त भागेश्वर स्थलको संरक्षण गर्न निवेदन दिनु भएकोमा उक्त स्थलको स्थलगत निरीक्षण गरी प्रतिवेदन तथा ल.ई. तयार गरिएको ।

८. युवा, खेलकूद तथा संस्कृति मन्त्रालयको निर्देशनमा

तीनधारा पाकशाला उत्तर पूर्व रहेको महादेव मन्दिर क्षेत्र बारे स्थलगत निरीक्षण गरी प्रतिवेदन तयार गरी मन्त्रालयलाई उपलब्ध गराई दिएको ।

९. जिल्ला प्रशासन कार्यालय नवलपरासी र वैदिक सनातन **धर्म** कैलाश आश्रम **मुकुन्दपुर** गा.वि.स. वडा नं. ९ को अनुरोधमा सो स्थलको स्थलगत निरीक्षण गरी प्राविधिक प्रतिवेदन तयार गर्न टोली खटाएको र टोलीबाट प्रतिवेदन पेश गरेको ।

१०. पूर्णमान महर्जन, गुठीयार थकाली मनमैजु गा.वि.स. वडा नं. ५ को अनुरोधमा मनमैजु मन्दिरको जीर्णोद्धार गर्न आवश्यक प्रतिवेदन तथा ल.ई. तयार गरी उपलब्ध गराई दिएको ।

११. युवा, खेलकूद तथा संस्कृति मन्त्रालयका निर्देशन र बाल कष्ट विनायक भजन खल: टेंगलको अनुरोधमा रक्तकाली मन्दिरको जीर्णोद्धार गर्न आवश्यक ल.ई. तथा प्रतिवेदन तयार गरिएको । **चालु** आ.व. मा जीर्णोद्धार गर्न कार्यक्रममा प्रस्तावित गरिएको ।

१२. विश्व हिन्दू महासंघ, नेपाल राष्ट्रिय समिति ललितपुर लेलेको अनुरोधमा उक्त स्थलको निरीक्षण गरी आवश्यक प्रतिवेदन तयार गरी सो महासंघलाई उपलब्ध गराई दिएको ।

१३. गा.वि.स. बनौली दनौली र ग्रामीण विकास परिषदको अनुरोधमा विद्यापति डीह (गढ) र सर्लाही जिल्ला स्थित महादेव मन्दिरको तथा सप्तरी स्थित महादेव मन्दिरको स्थलगत निरीक्षण गरी आवश्यक प्रतिवेदन तयार गरिएको ।

१४. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको अनुरोधमा टेकू दोभान स्थित जगन्नाथ मन्दिर, थापाथली स्थित जंग हिरण्य हेमनारायण मन्दिर तथा शंखमूल स्थित आठ शिवालयहरूको जीर्णोद्धारको लागि आवश्यक प्रतिवेदन तथा ल.ई. तयार गरी उपलब्ध गराई दिएको । उक्त कार्यको प्राविधिक रेखदेख समेत गर्ने गरेको ।

१५. ललितपुर जिल्ला वज्रवाराही गा.वि.स. मा रहेको वज्रवाराही मन्दिरको छाना मर्मत गर्न आवश्यक ल.ई. तयार गरी संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई उपलब्ध गराई दिएको ।

१६. श्री वैष्णवी टुंडाल देवी युनेस्को संघको अनुरोध र युवा, खेलकूद तथा संस्कृति मन्त्रालयको आदेशमा टुंडाल देवी मन्दिरको जीर्णोद्धारको लागि आवश्यक प्रतिवेदन ल.ई. तयार गरी दुवै निकायलाई उपलब्ध गराई दिएको ।

१७. काठमाडौं महानगरपालिका वडा नं ५ र वडा नं २० को अनुरोधमा ज्ञानेश्वरस्थित नारायण मन्दिर, भीमसेन स्थानमा रहेको नारायण मन्दिर तथा भद्रकाली मन्दिरसंगैको पाटी जीर्णोद्धार गर्न प्रतिवेदन तयार गरी सम्बन्धित वडाहरूलाई उपलब्ध गराइएको ।

१८. काठमाडौं महानगरपालिका वडा नं. १६ ले माननीय युवा खेलकूद तथा संस्कृति मन्त्रीज्यूमा दिनु भएको निवेदन र माननीय मन्त्रीज्यूको आदेशमा वडा नं. १६ सोल्हखुट्टे पाटी क्षेत्रमा स्थलगत निरीक्षण गरी तयार गरिएको प्रतिवेदन अनुसार कारवाही हुन श्री गुठी संस्थानलाई अनुरोध गरी पत्र लेखेको ।

१९. इटाली स्थित ISIAO (Italian Institute Africa and Orient) **संग** र **बेलायत** स्थित क्याम्ब्रिज विश्व विद्यालयसंग भएको सम्झौता अनुसार उक्त संस्थाहरूको र यस विभागका प्राविधिकहरूबाट संयुक्त रूपमा गोटिहवाको उत्खनन् कार्य भएको र कोला क्षेत्रको उत्खनन् कार्य शुरू गरिएको ।

२०. विश्व सम्पदा सूचीमा समाविष्ट संरक्षित स्मारक क्षेत्रहरूमा लागू गरिएका मापदण्ड अनुकूल निजी घरहरू मर्मत सुधार र नयाँ निर्माण आदि कार्यहरूको लागि आवश्यक प्राविधिक सहयोग र ती क्षेत्रहरूमा टेलिफिल्म र चलचित्र आदि छायांकन गर्न समेत आवश्यक सहयोग दिने कार्यहरू समेत भइरहेको ।

२१. श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषको अनुरोधमा उक्त कोष मार्फत जीर्णोद्धार भइरहेको मुस्तांग स्थित थुप्चेन गुम्बाको प्राविधिक रेखदेख गर्न र भित्ते चित्रहरूको रसायन संरक्षण काम गर्न प्राविधिक तथा रसायन विद्हरूलाई खटाइएको ।

प्रधानमन्त्री जङ्गबहादुर राणाको समयको नेपाल-भोट युद्धको ऐतिहासिक सामग्री

गतांकको बाँकी

'६२३

योथ्यो पछि रह्यासा वाट नत्रा अस्वा रि गरि आयो उनले फिका दृपठाया छन् र
म जान्छु ५।७ दिन पछि आउला भनि लेखी पठाया छन् तिमिलाई पनी देवा चे
र्मा वाट नेपाल को आमसेयेको या छ क्या अर्थ ले चहाइ राख्या को रहेछ यो निसुकन्
हकिन गरि लेखी पठाउ भन्या वे हो राको चिठी ले खी पठाया को छ नस र्थला
माला इ पनी नेपाल को आमसेयेको नि सुकले खी पठाउ यहाँ र दोमास्या पनी आ
हा-आउँ दो भनी गया थ्या किन आमनन् चेवा गर्न आया का छन् कि के सो
तिमी हरू लाई पनि के ही चिठी ले खी पठाउ ठाउठाउमा विकट्र लस्कर बक्स्या
ले हामा चेवाले नि सुनेवर पनी के ही ल्याउ नके नन् चिठी लिन मादोमास्या
पनी पठाउ हामो मानिस भोटकुरा जान्या लाई साठलाइ दिंछु तिमीहरूले नि
सुकन्यवर ल्याउ नन् भनि देवा धर्मा का लामा लाई मेले अहामार लामा को
दोमास्या चिठी ली हामा मानिस भोट्याकुरा जान्या पल्टन को सिपाही स्मेत ठा
उँ ठाउँमा गैहे रि उनले ल्याया को यवर रुमा कि ६ आदेखी डेढ को सउ भो टिम
रि जान्या वाटो ढुइ हरज्याड ताड जान्या बाटो ये कमा ठाउ ठाउ मा आडवाची १५।२०
१०० यगरि ५।७ ठाउँमा विकट्र वस्या का छन् सिसिया मा २०००।२५०० सिपाही
र काजी भै भारादार चेरे आई वस्या का छन् औंवाली सवार हजार आउ छन्
भन्या ५।७ जना भालुका छाला ल्याया का राना फुंडा लिया का तिरकवान च्यापसा
वंदुक लिया का घोडा का सवार हरू लाई देख्या थ्यो ज्याड ताड जान्या वाटा मा फु
गावाट भागि जान्या फौज ८।९ सयेर पछि थपि गया को हजार फौजर १०।८ज
ना भारादार आया का छन् पछि हजार फौजर सात नोप पनि आई छन् भन्या
भन्या यवर हामो चेवाले ल्याया देवा धर्मा को लामा ले पठाया को चिठी र भोट
वाट निज लामा लोइ पठाया को चिठी को नकल स्मेत चऊइ पठामा को छ

नजर भेजाहेर होला मुकाँफुगाकिश्रीशुभम्

श्रीमभित्रको

चिनीश्री भोटकाक चहरिबाट देवाद मीकालामालाइ लेश्याकोजवाप सिभु कालामाका चरणमा सलाम उप्रान्त तिमीदोमास्यार चाकरलाई चिठीलेखीप ठायाको अर्थ हामीलाई मालुम भयो गोर्खावाट श्रमघरिलियाको जगाको आ धिर कररुपैयाको आधिचाहिंछ भन्याकुरालाई ठुलोचिनवादसाहुका जगा जमिनर कारारुपैयादितुलीतु भन्याकुरापरेराख मुखले बोल्याप नि तिमीहामीज्युजान्याहो हामी मुनासिवलेन खोवेहोरमाहामीदिन्छौभनी आटनसकैनौ औजगाजगाकासिवानामाऊँवाहरुले विडुनगरि अन्यायग रि रकमवढ्याकोर मानिसमारि धनलुटपिटगर्न्याको अर्थ जाहाजाहावि दुनगर्न्याकोजगाछ जाचबुझगरि अन्यायगर्न्यातिनिहरुलाई विडुन माफि क कोसजायगरि अवधरितुपनीलुटपिटनगर्न्यागरि वन्दोवस्तगर्न्याकुरामा हामीहरुलेपनी भोटसर्कार अम्बाकाहजुरमा साधीवकाई जवापपठाइदि उला ज्येष्ठवदी ९रोज ५मुकामसासिश्रीशुभम्

दोमास्यारमनाएनर धेवालेनदेनलाई चिठीश्रीसर्दा र घ्वीवोलालेपठायाकोचिठीकोनकल

उप्रान्त चिनीयाकोसर्दार घ्वीवोला म्यानलट लेगोर्खाको दोमास्यारम नाएन लेनदेन लाई पठायाको तिमीहरुले आहापठायाको चिठीकोउ तरा हामीटिगरिको ताल्वेयज्येष्ठवदी ६रोजकाटिन फुगा जनरलका हजुरमा सामेलदिन्याछुभन्याथ्याकुरा आउननसकदा फेरिसर्दारबाट चिठीलेखी पठायाको गोर्खाको आतनसकन्याठुलोसाहेब फुगामा आ

ABOUT THE AUTHORS

Mr. Tara Nanda Mishra	— Ex. Deputy Director General, Department of Archaeology, HMG/ Nepal.
Mr. Om Prakash Yadav	— Chemist & Conservator, Department of Archaeology, Central Conservation for Cultural Heritage, HMG/Nepal.
Mr. Jeet Bahadur Manandhar	— Research Scholar, Nepal.
Mrs. Saraswoti Singh	— Chief, National Numismatic Museum Chhawoni, HMG/Nepal.
Mr. Diwakar Acharya	— Lecturer, Valmiki Vidhyapith, Kathmandu.
Mrs. Shobha Shrestha	— Chief Research Officer, Department of Archaeology HMG/Nepal.

"**प्राचीन नेपाल**" का निमित्त प्राग्-इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तर प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयको सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हुनेछ ।

महानिर्देशक
पुरातत्त्व विभाग
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of art work are invited to **"Ancient Nepal".**

The contribution should be concise and well-documented and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the Editor or The Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and one side of the paper only sent to:

The Director General
Department of Archaeology
Ramshahpath
Kathmandu, Nepal